का.जि.प्र.का.द.नं. १००/०५९/६०
❒ वर्ष १९, अंक ३४०
❒ १९ माघ २०७८, बुधबार
❒ 2 February 2022, Wednesday
www.madhyanhadaily.com
पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।



● आयोगको अडान

# ५ जेठ अगाडि चुनाव

■ सरकारलाई दबाव

| ८ कातिक | ८ पुस | ३० पुस | ९ माघ | १८ माघ |
|---|---|---|---|---|
| प्रधानमन्त्री शेरबहादुर देउवासँग भेटवार्ता | फेरि स्थानीय चुनावबारे प्रधानमन्त्रीसँग परामर्श | सर्वदलीय बैठक आह्वान, १४ र २२ वैशाखमा स्थानीय चुनावको प्रस्ताव | वैशाख मसान्तभित्र चुनाव गराउन तयार रहेको बक्तव्य जारी, मिति तोक्न सरकारलाई दबाव | ४ जेठमा चुनावको मिति तोक्न परामर्श, १३ अर्ब खर्च माग |

निर्वाचन आयोगले सरकारलाई स्थानीय तह रिक्त हुनु अगाडि नै स्थानीय चुनाव गराउन परामर्श दिएको छ । आयोगले आफ्नो अडान पुष्टि गर्न सत्तारुढ गठबन्धन नेताहरुको तर्कलाई खण्डन गर्ने प्रमाणहरु पेश गरेको छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १८ माघ ।

प्रधानमन्त्री शेरबहादुर देउवाले जेठ तेस्रो वा चौथो साता स्थानीय चुनाव गराउनेगरी छलफल अगाडि बढाएका छन् । तर निर्वाचन आयोगले भने ५ जेठ अगाडि नै चुनाव गराउन आग्रह गरेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा मंगलवार प्रधानमन्त्री देउवाले बोलाएको छलफलमा आयोगले ४ जेठमा स्थानीय चुनाव गराउन सुझाव दिएको हो ।

प्रधानमन्त्री शेरबहादुर देउवालाई निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले स्थानीय तह निर्वाचन ऐन-२०७३ बिपरीत नजान आग्रह गरेका छन् । थपलियाले प्रधानमन्त्री देउवालाई एकैचरणमा चुनाव गर्न पनि सुझाव दिएका छन् । यसअघि आयोगले वैशाख १४ र २२ गते निर्वाचन गर्न प्रस्ताव राखेको थियो । गएको ३० पुसमा आयोगले सर्वदलीय बैठक राखेर दुई चरणमा स्थानीय चुनाव गर्न प्रस्ताव गरेको थियो ।

तर सत्ता गठबन्धन स्थानीय चुनाव धकेल्ने रणनीतिमा थियो । विशेषगरी नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी असोजदेखि मंसिरसम्ममा चुनाव गराउन चाहन्छ । नेपाली काँग्रेसभित्रको केही असन्तुष्ट पक्ष र बाहिरी दवावका कारण सरकार जेठमै चुनाव गराउन तयार भएको थियो । गठबन्धन निर्वाचन कानून संशोधन गरेर मात्रै स्थानीय तहको निर्वाचन गर्ने तयारीमा समेत देखिएको छ ।

### ■ तयारी तीव्र

जेठमै चुनाव गराउन सरकार सहमत भएसँगै आयोग पनि तयारीमा जुटेको छ । कोरोनाको जोखिमलाई मध्यनजर गर्दै स्वास्थ्य मापदण्ड जारी गरेर चुनाव गराउने आयोगले जनाएको छ । “हामीले भर्खरै राष्ट्रियसभा चुनाव पनि सम्पन्न गरेका छौँ, त्यहीँ चुनावलाई आधार मानेर पनि हामी स्थानीय चुनाव गराउन सक्छौँ, हामी समयमै चुनाव गराउन प्रतिबद्ध छौँ”, आयोगका प्रवक्ता शालिग्राम पौडेल भन्छन् ।

मतपत्र व्यवस्थापन, कर्मचारी परिचालन, स्वयंसेवकको व्यवस्थापन, स्वास्थ्य मापदण्ड लगायत चुनावका लागि आवश्यक पर्ने पूर्वतयारीमा आफूहरु जुटेको उनले बताए । कोरोनाको जोखिम कायम रहेपनि आफूहरुले सुरक्षित र स्वच्छ ढंगबाट चुनाव सम्पन्न गराउने पौडेलको भनाइ छ ।

▲ सरकारी निवास बालुवाटारमा प्रधानमन्त्री शेरबहादुर देउवा निर्वाचन आयोगका आयुक्तहरुसँग मंगलबार परामर्श लिदै । तस्बिर: रासस

■ एमसीए-नेपालको प्रष्टोक्ति

# गोप्य दस्तावेज छैन

मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) बारे कुनै गोप्य दस्तावेज नभएको एमसीसी-नेपालले प्रष्टोक्ति दिएको छ । एमसीसीबारे भएका सम्झौता गोप्य राखिएको नेताहरुको अभिव्यक्तिप्रति एमसीसी-नेपालले खण्डन गरेको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
विराटनगर, १८ माघ ।

अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) बारे भएका कुनैपनि सम्झौता वा दस्तावेज गोप्य नरहेको एमसीसी-नेपालले प्रष्टोक्ति दिएको छ । एमसीसी नेपालले बक्तव्य जारी गरेर भएका सम्झौता गोप्य राख्ने संस्था नभएको समेत तर्क गरेको छ ।

सत्ता गठबन्धनका नेताहरुले एमसीसीबारे दस्तावेज गोप्य रहेको सार्वजनिक अभिव्यक्ति दिएका थिए । सत्ता गठबन्धनले एमसीसी अध्ययन गर्न गठन गरेको कार्यदलका संयोजक झलनाथ खनालले एमसीसीबारे थुप्रै सम्झौता रहेको खुलेको र अघिल्ला सरकारले गोप्य राखेको अभिव्यक्ति दिएका थिए । पूर्वप्रधानमन्त्री रहेका खनालको उक्त अभिव्यक्तिलाई चासोका साथ हेरिएको थियो ।

पूर्वप्रधानमन्त्री खनालले एमसीसी संशोधन बिना अनुमोदन गर्न नसकिने अभिव्यक्ति समेत दिएका थिए । लगत्तै, एमसीसी नेपालले गोप्य दस्तावेज केही नभएको प्रष्टोक्ति दिएको छ । आमसञ्चार माध्यममा आएको टिप्पणीप्रति ध्यानाकर्षण भएको समेत जनाइएको छ ।

“एमसीए-नेपाल पारदर्शिता अपनाउने संस्था हो । यस संस्थाले सार्वजनिक महत्वका सम्पूर्ण दस्तावेजहरु आफ्नो वेबसाइट तथा अन्य माध्यमबाट जानकारीका लागि सार्वजनिक गर्दै आएको छ”, बक्तव्यमा उल्लेख छ । एमसीसीले प्रसारण लाइन अन्तर्गत पर्ने स्थानीय तहमा सार्वजनिक सुनुवाइका – बाँकी पृष्ठ २ मा

# सडक प्रदर्शनमा एमाले

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १८ माघ ।

प्रमुख विपक्षी दल नेकपा एमालेका कार्यकर्ताले प्रदेश-१ मा मन्त्रालय संख्या बढाउने निर्णयविरुद्ध प्रदर्शन गरेका छन् । सरकारलाई व्यवभार बढाउनेगरी मन्त्रालय फुटाउने मुख्यमन्त्री राजेन्द्र राईको निर्णयविरुद्ध एमाले कार्यकर्ताले विरोध जनाएका हुन् ।

मुख्यमन्त्री राईले मन्त्रालय संख्या सातबाट बढाएर १२ बनाउने निर्णय गरेका छन् । पाँच दलीय गठबन्धन सरकारको नेतृत्व गरिरहेका राईले भागबण्डा पुऱ्याउन मन्त्रालय संख्या बढाउने निर्णय गरेका हुन् । मुख्यमन्त्री राईले सातबाट मन्त्रालय संख्या १२ बनाउने निर्णय गरेका छन् ।

गएको २९ असारमा अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्रीबाट पदमुक्त भएपछि विपक्षी भूमिकामा रहेको – बाँकी पृष्ठ २ मा

### कोरोना अपडेट

| | |
|---|---|
| संक्रमित | ५,५८३ |
| परीक्षण | १७,६७४ |
| मृत्यु | ९ |
| निको हुने | ८,२६७ |


## अत्यन्त जरुरी सुचना !!!

**आदरणीय व्यवसायीज्यूहरु**

नेपालको संविधान र प्रचतिल कानुनको अधिनमा रहि विधिवत्रुपमा स्थापना भइ संचालनमा रहेका वैदेशिक रोजगार व्यवसाय र व्यवसायीको स्वतन्त्र र निर्धक्करुपमा व्यवसाय संचालनगर्न पाउने संविधान प्रदत अधिकारको हनन् गर्दै विगत केहि दिन देखि आफुलाई पत्रकार भन्दै युटुवे गैरपत्रकार र गुण्डागर्दीमा संलग्न व्यक्तिहरु वैदेशिक रोजगार व्यवसायीको कार्यलयमा अनाधिकृतरुपमा जबरजस्ती प्रवेश गरि धम्क्याउने, कुटपिट गर्ने र तोडफोड गरि वैदेशिक रोजगार व्यवसायमा आतंक मच्चाइरहेको विषय कुनै पनि व्यवसायी वा नेपाली नागरीकका लागि स्वीकार्य छैन ।

एक स्वतन्त्र नागरिकको हैसियमा प्रचतिल कानुनको दायरा भित्र रहेर स्वतन्त्ररुपमा व्यवसाय गर्न पाउने अधिकारको सुनिश्चित गर्ने, अनाधिकृत युटुवे पत्रकार र गुण्डागर्दीको आक्रमणको प्रतिरक्षा गर्ने र बैदेशिक रोजगार व्यवसाय र व्यवसायीको सुरक्षको विषयमा वृहत छलफल गरि निष्कर्ष निकाल्नका लागि निम्न मिति, समय र स्थानमा सम्पुर्ण वैदेशिक रोजगार व्यवसायीज्यूहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**स्थान : यति पार्टी प्यालेस, बसुन्धारा काठमाण्डौ**
**मिति : २०७८ माघ १९ गते (आजै)**
**समय : दिनको २:३० बजे**

**आयोजक**
**हरिबहादुर पाण्डे क्षेत्री**
**अध्यक्ष**
**नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति**
**सामाखुसी, काठमाडौं**


# त्रिपल स्टार म्यानपावरमा झडप

## अनधिकृत युट्युवरहरुविरुद्ध व्यवसायीहरु प्रतिवादमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ माघ

नेपाल सरकारको सञ्चार नियमन गर्ने निकायमा दर्ता नै नगरी पीडितलाई न्याय दिलाउने भन्दै अनधिकृतरूपमा कार्यालयमा प्रवेश गर्ने ‘युट्युवर’विरूद्ध राजधानीको सामाखुसी क्षेत्रका वैदेशिक रोजगार व्यवसायीहरू एकजुट भएर प्रतिवादमा उत्रिएका छन् ।

केही कामदारको समस्या छ भन्दै क्यामरासहित टोखा रोडमा रहेको त्रिपल स्टार ईम्प्लोइमेण्ट सर्भिस प्रा.लि.को कार्यालयमा प्रवेश गरेका युट्युवरहरूलाई म्यानपावर सञ्चालक हरि गुरूङले पहिले समस्या के हो ?



वैदेशिक रोजगार विशेष

त्यसमा कुरा गरौं त्यसपछि क्यामरा चलाउनु होला भन्दै भिडियो नखिच्न आग्रह गरेका थिए । तर अटेर गरी भिडियो बनाएपछि विवाद चर्किएको थियो ।

झडप भएपछि प्रहरीले म्यानपावर सञ्चालक गुरूङलाई पनि चौकीमा लगेकोमा पछि हाजिर हुने शर्तमा मंगलबार साँझ छोडिदिएको छ । कुटपिटबाट तीन जना घाइते समेत भएको महानगरीय प्रहरी वरिष्ठ उपरीक्षक सुदीप गिरीले जानकारी दिएका छन् । घाइतेको ग्रीन सिटीमा उपचार भइरहेको र उनीहरूको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ ।

सरकारी निकायबाट भिडियो खिच्ने तथा प्रशारण गर्ने अनुमति नै नलिई कानून हातमा लिएर व्यवसायी तर्साउने चलखेल भएको भन्दै व्यवसायीहरूले एकतावद्ध भएर अनधिकृत युटुवरहरूविरूद्ध एकआपसमा सूचना आदानप्रदान गर्ने र अनुचित मोलमोलाई गर्नेविरूद्ध सामूहिक प्रतिकारसमेत गर्ने बताएका छन् ।वैदेशिक रोजगार सामाखुसी – बाँकी पृष्ठ २ मा

# संविधान र कानुनी दायित्वबाट सरकारपछि हट्दैन : गृहमन्त्री

**काठमाडौं/मस-**गृहमन्त्री बालकृष्ण खाणले संविधान र कानुनको पालना गर्ने दायित्वबाट सरकार पछि नहट्ने बताएका छन् । गृहमन्त्रालयमा नेपाल निजामती कर्मचारी युनियनले मंगलबार बुझाएको ज्ञापनपत्र बुझ्दै गृहमन्त्री खाणले कानुनको पालना गराउन सरकार प्रतिबद्ध रहेको बताए । युनियनले विभिन्न सरकारी कार्यालयमा काम गरिरहेका कर्मचारीमाथि कानुन विपरीतका कार्य भइरहेको भन्दै कारबाहीको माग गर्दै गृहमन्त्रीलाई ज्ञापनपत्र बुझाएको हो ।

'सरकारको दायित्व संविधान र कानुनको पालना गर्नु हो,' गृहमन्त्री खाणले भने, 'कानुन विपरीतका काम गर्नेलाई कारबाही हुन्छ, त्यसमा हामी अनुसन्धान गरिरहेका छाै ।'

उनले राष्ट्रसेवक कर्मचारीको मानमर्दन गर्ने काम कसैबाट हुन नहुने बताए । युनियनका



केन्द्रीय अध्यक्ष गोपालप्रसाद पोखरेल नेतृत्वको टोलीले महोत्तरी, धनकुटा, कैलाली, बझाङ, पर्सा, सिन्धुपाल्चोक, सोलुखुम्बुलगायतका जिल्लामा राष्ट्रसेवक कर्मचारीमाथि भएका गैर न्यायिक घटनाका दोषीलाई कानुन अनुरुपको कारवाहीको माग गरेको थियो । डिभिजन वन कार्यालय पहलमानपुर कैलालीका सहायक वन अधिकृत विश्वराज पण्डितलगायतमाथि भएको दुर्व्यवहारको विरोध गर्दै युनियनले कारबाहीका लागि गृहमन्त्रीको ध्यानाकर्षण गराएको हो । 'असहमतिका विषय भए छलफल र कानुनी रुपमा समाधान गर्न सकिनेमा कानुन नै हातमा लिएर भएका गैर न्यायिक कार्य उपर सरकारले शान्ति सुरक्षाका लागि आफ्नो दायित्व र कर्तव्य निर्वाह गर्ने प्रतिबद्धता व्यक्तिः गरोस्', युनियनले गृहमन्त्रीलाई दिएको ज्ञापनपत्रमा उल्लेख छ ।

# इजरायलद्वारा पाँच लाख ६३ हजार थान सिरिन्ज हस्तान्तरण

**काठमाडौं/मस-**इजरायलले कोभिड-१९ विरुद्ध लड्न नेपाललाई पाँच लाखभन्दा बढी सिरिन्ज प्रदान गरेको छ । नेपालका लागि इजरायलका राजदूत हनान गोडरले हवाईमार्गबाट ल्याइएका पाँच लाख ६३ हजार थान सिरिन्ज स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रतिनिधिलाई हस्तान्तरण गरेका हुन् ।

'यो सहयाग महामारीविरुद्धको अन्तर्राष्ट्रिय सङ्घर्षको एक हिस्सा हो । महामारीविरुद्धको नेपालीको प्रयासमा सहयोग गर्न पाउँदा इजरायल गर्व गर्छ', सिरिन्ज हस्तान्तरण गर्दै राजदूत गोडरले भने । नेपाल सरकारको सन् २०२२ को खोप लक्ष्य पूरा गर्न तथा महामारीलाई नियन्त्रणमा ल्याउन इजरायलले दुई राष्ट्रबीचको ऐक्यबद्धताको संकेतका रूपमा नेपालका जनतासँग मानवीय सहायता बाँड्न पाएकामा उनले खुसी व्यक्त गरे ।

विगत दुई वर्षदेखि इजरायल सरकारले कोभिड-१९ विरुद्ध लड्न नेपाललाई सहयोग गर्दै आएको छ। यहाँस्थित इजरायली दूतावासले २०२० जुन महिनामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई व्यक्तिगत सुरक्षा उपकरण, मास्क, डिजिटल थर्मोमिटर, सर्जिकल ग्लोभ्स, स्यानिटाइजर, कीटाणुनाशक साधनलगायत स्वास्थ्य सामग्री हस्तान्तरण गरेको थियो ।

# जग्गा खोज्न प्रदेश सरकारद्वारा मन्त्रीस्तरीय समिति गठन

**जनकपुर/मस-**मधेश प्रदेश सरकारले आफ्नो स्थायी संरचना निर्माणका लागि जग्गा खोज्न मन्त्रीस्तरीय अध्ययन तथा व्यवस्थापन समिति गठन गरेको छ।

प्रदेश सरकारको मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री रामसरोज यादवको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेको हो । समितिको सदस्यमा अर्थमन्त्री शैलेन्द्रप्रसाद साह, उद्योग, पर्यटन तथा वनमन्त्री शत्रुधन महतो, भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विजय यादव र आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साह रहेका छन् ।

भवनसहितका स्थायी भौतिक संरचना निर्माणका लागि जग्गा खोजीदेखि प्राविधिकसहित बजेट स्रोत व्यवस्थापनसम्मको कार्य समितिले गर्ने जिम्मेवारी पाएको प्रदेश सरकारका प्रवक्तासमेत रहेका अर्थमन्त्री साहले जानकारी दिनुभयो । समितिले नै विभिन्न प्राविधिक र अर्थ विज्ञसहितका व्यक्तिलाई राखेर विज्ञ समितिसमेत गठन गर्ने मन्त्री साहले बताए । प्रदेशको नामकरण र स्थायी राजधानी टुंगो लागेसँगै प्रदेश सरकारले राजधानी क्षेत्रभित्र आफ्नो प्रशासनिक भवन र प्रदेशसभा सचिवालय भवन निर्माणका लागि जग्गा खोजी गर्दै आएको छ । आफ्नो प्रशासनिक भवन नहुँदा प्रदेश सरकारले जनकपुर चुरोट कारखाना लिमिटेडको परिसरमा रहेको भवन मर्मतसम्भार गरी काम/कारबाही सञ्चालन गर्दै आएको छ ।

# महाकालीमा पक्की पुल बनाउन सम्झौतापत्रमा हस्ताक्षर




**काठमाडौं/मस-** भारत सरकारको अनुदान सहयोगमा महाकाली नदीमा पक्की पुल निर्माण हुने भएको छ । भारतको धार्चुला र नेपालको दार्चुला जोड्ने गरी महाकालीमा गाडी गुड्ने पुल निर्माण हुन लागेको हो । पुल निर्माणसम्बन्धी सम्झौतापत्रमा नेपाल र भारतबीच मंगलबार हस्ताक्षर भएको छ ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादवको उपस्थितिमा नेपालका लागि भारतीय राजदूत विनय मोहन क्वात्रा र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव रविन्द्रनाथ श्रेष्ठले उक्त सम्झौतापत्रमा मंगलबार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा हस्ताक्षर गरेका हुन् ।

पुल सञ्चालनमा आएपछि नेपालको सुदूरपश्चिम प्रदेश र भारतको उत्तराखण्ड राज्यबीचको सीमापार आवागमन सुदृढ हुनाका साथै दुवै देशका सीमा क्षेत्रका समुदायबीचको सम्पर्कलाई थप मजबुत बनाउने विश्वास भारत सरकारले गरेको छ । नेपाल र भारतबीचको प्रगाढ मैत्रीको सेतुको रुपमा रहने उक्त पुलले वाणिज्य, सांस्कृतिक तथा जनता-जनताबीचको सम्बन्धलाई सुव्यवस्थित बनाउन र दुई देशका सरकारले प्राथमिकताका साथ अघि सारेको सीमापार सम्पर्क सञ्जाल विस्तार गर्ने नीतिअनुरुप रहेको तथा पुल निर्माण चाँडै सुरु गरिने यहाँस्थित भारतीय दूतावासले प्रेस विज्ञप्तिमार्फत जनाएको छ ।

### एमसीए...

निम्ति सबैमा पहुँज हुने पनि बक्तव्यमा लेखेको छ । एमसीए नेपालले सम्झौता गोप्य राखिएको भन्ने अभिव्यक्तिप्रति विश्वास नगर्न आग्रह गरेको छ । एमसीसीबारे भएको सम्झौता अध्ययन गर्न पहुँज सबैमा रहनेपनि एमसीए नेपालले जानकारी दिएको छ । एमसीसी अनुमोदन गराउने वा नगराउने भन्नेमा सत्ता गठबन्धनमा साझा धारणा बन्न सकेको छैन । प्रधानमन्त्री एवम् नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा एमसीसी अनुमोदनको पक्षमा छन् । विपक्षी दल नेकपा एमाले पनि एमसीसी अनुमोदनकै पक्षमा छ। तर एमसीसीकै कारण एमाले सत्ता गठबन्धन भत्काउने नीतिमा देखिन्छ ।

प्रधानमन्त्री देउवालाई समर्थन गरेको सत्ता गठबन्धनका नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी भने संशोधन बिना एमसीसी अनुमोदनको पक्षमा छैन । पूर्वप्रधानमन्त्री झलनाथ खनालले एमसीसी संशोधन बिना अनुमोदन गराउन नसकिने सार्वजनिक अभिव्यक्ति दिदै आएका छन् । जनता समाजवादी पार्टी (जसपा) भने एमसीसी अनुमोदनकै पक्षमा उभिएका छन् ।

एमसीसीले भने अनुमोदनमा ढिलाइ नगर्न दबाव दिदै आएको छ। एमसीसीका उपाध्यक्ष फातिमा सुमार नेपाल आएरै एमसीसीबारे निर्णय लिन दबाव दिएकी थिइन्। त्यसअघि बक्तव्य मार्फत् पनि एमसीसी अनुमोदनबारे ढिलाइ नगर्न आग्रह गर्दै आएको छ ।

### सडक...

एमालेले लगातार संघीय संसद् अवरोध गर्दै आएको छ । पाँच महिनादेखि संसद् अवरोध गरिरहेको एमाले कार्यकर्ताले गठबन्धन सरकारका अन्य निर्णयहरुमा पनि विरोध जनाउँदै आएका छन् ।

### त्रिपल...

एकता समाजका अध्यक्ष हरि बहादुर पाण्डे क्षेत्रीले व्यवसायीहरूको कार्यालयमा जवरजस्ती गर्ने प्रवृत्ति बढेको भन्दै बिहीबार व्यवसायी भेला बोलाउने तयारी गरे पनि कोभिड संक्रमणका कारणले भेला नबोलाइएको तर आफुहरू सतर्क अवस्थामा रहेको बताए ।

बिना सुचना र अनुमति कार्यालयभित्र पसी धम्कीपूर्ण भाषा प्रयोग गरी अशान्ति सिर्जना गर्दा वैदेशिक रोजगारीका लागि कामदारको भर्ना तथा अन्तर्वार्ताका लागि आएका विदेशस्थित कम्पनीका प्रतिनिधि, म्यानपावर कर्मचारी र वैदेशिक रोजगारीका लागि आएका युवायुवती नै असुरक्षित भएको वैदेशिक रोजगार व्यवसायीहरूको भनाइ छ ।

यसअघि नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसोसिएसन, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाललगायत वैदेशिक रोजगार व्यवसायीका संघसंस्थाहरूले अनधिकृत व्यक्ति वा समूह आफ्नो कार्यालयमा प्रवेश गरेमा नजिकैको प्रहरी कार्यालय, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र वैदेशिक रोजगार विभागलाई जानकारी दिन व्यवसायीलाई आग्रह समेत गरेका छन् ।

वैदेशिक रोजगारीमा जाने वा समस्यामा परी फर्किएका कामदारका जायज गुनासो भएमा वैदेशिक रोजगार ऐनको व्यवस्था अनुसार वैदेशिक रोजगार विभागले छलफल गराई न्याय निरुपण गर्ने गराउने गरिरहेको अवस्थामा आफुहरूले नै न्याय दिलाउने भन्दै व्यवसायीका कार्यालयहरूमा अनधिकृतरूपमा प्रवेश गर्ने युट्युवरहरूको भ्रममा नपर्न समेत व्यवसायीहरूले सरोकारवालाहरूलाई आग्रह गरेका छन् ।


**हिकारी टुर्स प्रा.लि. कम्पनीको दर्ता खारेजी सम्बन्धी लिक्वीडेटरको सुचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०६८/०८/२६ मा दर्ता भएको प्रा.लि. नं. ८८६४८/०६८/०६९ को **हिकारी टुर्स प्रा. लि.** को संचालकहरुको मिति **२०७८/१०/१८** मा बसेको बिशेष साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वडेशन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीसंग कोही कसैको कुनै बाँकी वक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफै वा प्रतिनिधि मार्फत हकदाबी गर्न निम्न लिखित लिक्वडेटरको कार्यालयमा सम्पर्क राख्न हुन सुचित गरिन्छ ।

**सरोज दाहाल**
**दामासाही ब्यवसायी**
**प्रतीक ल फर्म इजाजत नं. ३५३**
**भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. ९, वोडे**
**मोबाइल नं. : ९८५१२११००२**



**प्रदेश सरकार**
**लुम्बिनी प्रदेश**
**कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय**
**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
**सन्धिखर्क, अर्घाखाँची**
**लुम्बिनी प्रदेश, नेपाल**

**क्याटलग/ब्रोसर सपिग विधिवाट सवारी साधन खरीद सम्वन्धि सिलवन्दी प्रस्ताव आव्हानको सूचना ।**

**प्रथम पटक सूचना प्रकाशित मिति २०७८।१०।१९ गते**

आ.व. ०७८/७९ को स्विकृत वार्षिक कार्यक्रम अनुसार पिकअप गाडी क्याटलग संपिग विधिवाट खरीद गर्नुपर्ने भएकोले यो सूचना प्रकासित भएको मितिले १० औं दिन १५:३० बजे सम्म यस कार्यालयमा रित पुर्वक सिलवन्दी निवेदन दर्ता गराउन आव्हान गरिएको छ । तथा दर्ता गरिएका सिलवन्दी प्रस्तावहरु सोहिदिन १६:०० बजे खोलिने छ । यस सम्वन्धि विस्तृत सूचना पार्टीमा समेत हेर्न सकिने छ। अन्य थप जानकारीको लागि कार्यालयको टेलिफोन नम्वर ०७७-४२००७२ मा कार्यालय समयमा लिन सकिने छ ।

**कार्यालय प्रमुख**



**Pachaljharna Rural Municipality**

## Office of the Rural Municipal Executive

**Karnali Provience**
**Padechha, Kalikot**

## Invitation for Bids

**Date of publication: 2078/10/19 (2022/02/02)**

Contract Identification No: PRM/CKNDAIP/KKT/NCB/04/2078/079

1. ***Pachaljharna Rural Municipality, Padechha,Kalikot*** invites ***electronic bids*** from all eligible bidders for the construction and completion of irrigation projects mentioned in the " the work" under National Competitive Bidding procedures-Single Stage Two Envelope Bidding procedures. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit bid as per the provision of ITB 21 of the Bidding Document.
2. Information to deposit the cost of Bidding Document in Bank
   Name of the Bank : **Nabil Bank**
   Name of Office : **Pachaljharna Rural Municipality**
   Rajaswa (revenue) Account no : **07401017500178**
   Office (Dharauti ) Account no. : **07401017500193 (To deposit bid security amount in cash)**
3. Pre-bid meeting shall be held at Pachaljharna Rural Municipality,Padechha on **2078/11/10 (2022/02/22).**at 13 hrs.
4. Electronic bids must be submitted PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12 hrs*** on **2078/11/20 (2022/03/04).** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13 hrs*** **on 2078/11/20 (2022/03/04). at** the office of ***Pachaljharna Rural Municipality, Padechha, Kalikot***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, amounting to a minimum of ***as specified in "the works"***, which shall be valid for **30 days** beyond the validity period of the bid.
6. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
7. In Case of Discrepency or error in Tender notice, bid document and other document of **CONSTRUCTION OF CANAL & CANAL RELATED STRUCTURES OF KULMUL-NAIR-DUNGRI TO ARUNKHADA IRRIGATION PROJECT** reserves right to amend, correct at any time. Such amendment and correction shall be published in the national daily newspaper, notice board of the Pachaljharna Rural Municipality Office,Padechha, Kalikot.
8. The Works.

| Contract No. | Description of Works | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Min. Average Annual Turnover of best 3 yrs within last 10 yrs (NRs.) | Min. Work Experience of similar size and nature within last 10 yrs (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|
| PRM/ CKNDAIP/ KKT/NCB/ 04/2078/079 | CONSTRUCTION OF CANAL & CANAL RELATED STRUCTURES OF KULMUL-NAIR-DUNGRI TO ARUNKHADA IRRIGATION PROJECT | 5000.00 | 1.10 Million | 26.80 Million | 1 project of 28.60 Million | Single Stage: Two-Envelope Bidding Procedure |

**Chief Administrative Officer**

# सोनाम ल्होसार मनाइँदै, सार्वजनिक विदा



**काठमाडौं/मस–** तामाङ समुदायले माघ शुक्ल प्रतिपदाका दिन मनाउने सोनाम ल्होसार अर्थात् नयाँ वर्ष पर्व आज विविध कार्यक्रम आयोजना गरी मनाउँदैछन्। मञ्जुश्री पात्रोअनुसार आजदेखि २८५८ औं वर्ष शुरु हुन्छ। यस पटक यो समुदायमा गोरु वर्ग बिदा भएर बाघ वर्गको स्वागत गरिँदैछ।

प्रत्येक वर्ष माघ शुक्ल प्रतिपदाका अवसरमा विभिन्न कार्यक्रम गरी सोनाम ल्होसार पर्व मनाइन्छ। मुसा, गाई, बाघ, खरायो, ड्रागन (मेघ), सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर र सुँगुर गरी १२ वर्गमा सोनाम ल्होसारलाई विभाजन गरिएको छ। ल्होसारका १२ वटै वर्ष पशुपक्षीको नामबाट गणना गरिएकाले प्रकृतिपूजक रहेको अनुसन्धाता टीका शेर्पाले जानकारी दिए। तामाङ जातिको बाहुल्यता रहेको वाग्मती प्रदेशका विभिन्न जिल्लामा यो पर्व विशेष रुपमा मनाइन्छ।

सरकारले तामाङको सांस्कृतिक पर्व सोनाम ल्होसारको अवसरमा बुधबार देशभर सार्वजनिक बिदा दिएको छ। गृह मन्त्रालयले मंगलबार विज्ञप्ति जारी गर्दै बुधबार देशभर सार्वजनिक बिदा दिने निर्णय भएको जनाएको छ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले गरेको निर्णयका आधारमा बुधबार सार्वजनिक बिदा दिने सूचना गृह मन्त्रालयले निकालेको हो। यसअघि सोमबार नै बागमती प्रदेश सरकारले पनि सोनाम ल्होसारमा प्रदेशभर सार्वजनिक बिदा दिने निर्णय गरेको थियो। तामाङ र ह्योल्मो समुदायले सोनाम ल्होछार पर्व विशेष महत्वका साथ मनाउने गर्दछन्।

पर्वका अवसरमा बौद्धनाथ क्षेत्र विकास समितिले बौद्ध क्षेत्रमा विविध कार्यक्रम आयोजना गरी मनाउने गरेकामा यस वर्ष नयाँ भेरियन्टसहितको कोरोना महामारीका कारण औपचारिक कार्यक्रम राखिएको छैन। समितिका कार्यकारी निर्देशक वसन्त लामा यस वर्ष स्वास्थ्य सुरक्षाका विधि अपनाएर बौद्ध क्षेत्रका चैत्यमा कार्यसमिति सदस्य, सल्लाहकार मात्र बसेर पूजापाठ गरी ल्होसार मनाउन लागिएको बताउँछन्।

विगत वर्षमा बौद्ध क्षेत्रमा सोनाम ल्होसारका अवसरमा सांस्कृतिक झाँकीसहित बाजागाजाको र्‍याली निकालिने गरिएको थियो। दिउँसो महेन्द्र बौद्ध माध्यमिक विद्यालय परिसरमा मूल समारोह समितिका तर्फबाट कार्यक्रम गर्ने गरिएकामा त्यो पनि स्थगित गरिएको जनाइएको छ।

यसैगरी राजधानीको स्वयम्भू क्षेत्रका चैत्यमा आन्तरिक रुपमा मात्र पूजा पाठका कार्यक्रम गरी ल्होसार मनाइने बताइएको छ। देशका अन्य भागमा पनि ल्होसार मनाइने तयारी भइरहेको छ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हक दावी सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०७८/१०/१९**

यस कार्यालयमा मिति २०६९/०५/१५ मा दर्ता भएको **प्रा.लि. नं. ९६८२१** को **के. सी. एग्रो प्रा.लि.**, नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

---

## आर्थिक बोलपत्र खोल्ने सम्बन्धि सूचना

**प्रकाशित मितिः २०७८/१०/१९**

यस कार्यालयको तिनेखु खोला सडकपुल निर्माण कार्य (ठेक्का नं. **IDOSIN/W/NCB/16/078–79**) खरिद सम्बन्धमा मिति २०७८/०९/०१ को 'मध्यान्ह' राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका प्राविधिक बोलपत्रको ITB 29, ITB 30 र ITB 32 अनुसार मूल्याङ्कन गर्दा तपशिल बमोजिमको बोलपत्रदाताको प्राविधिक बोलपत्र सारभूतरुपमा प्रभावग्राही तथा प्राविधिक रुपमा योग्य रहेको हुँदा ITB 25.9 तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ङ) को उपनियम ५ बमोजिम निजको आर्थिक बोलपत्र तपशिल बमोजिमको स्थान, मिति र समयमा खोलिने हुँदा ITB 25.7 र ITB 25.8 बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल :**

**सारभूतरुपमा प्रभावग्राही प्राविधिक रुपमा योग्य बोलपत्र पेश गर्ने बोलपत्रदाताः**

१) M/S Om Buddha Construction Pvt. Ltd., Dolakha

**आर्थिक बोलपत्र खोलिने स्थानः** पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोक, **मितिः** २०७८/१०/२६, **समयः** दिनको १:०० बजे

**सिनियर डिभिजनल इन्जिनियर**
**पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोक**

---

## ग्रामथान गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**तेतरिया, मोरङ**
**प्रदेश नं. १, नेपाल**
**कृषि विकास शाखा**

### प्रस्ताव आह्वान सम्बन्धी सूचना

**प्रथम पटक सुचना प्रकाशित मितिः २०७८/१०/१७ गते**
**प्रस्ताव दर्ता गर्ने अन्तीम मितिः २०७८/११/०२ गते कार्यालय समय भित्र**

यस ग्रामथान गाउँपालिकाको आ.ब.२०७८/०७९ को कृषि विकास शाखाको संघिय सःशर्त कृषि विभाग तर्फको धान उत्पादन प्रबर्धन कार्यक्रम (बालि विकास कार्यक्रम) कार्यान्वयनका लागि तोकिए बमोजीमका शर्तहरु पालना गर्ने गरी गा.पा.मा रहेका तपशिल अनुसारका साझेदारहरुले सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र (अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भो लिपल्ट कार्यलय समयभित्र) "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७८" अनुसारको ढाँचामा प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरीएको छ। साथै रित नपुगेको वा म्याद नाघि प्राप्त हुन आएको प्रस्तावहरु छनौट कार्यमा समावेश नहुने ब्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ। उक्त कार्यक्रम सम्बन्धी थप जानकारीको लागी ग्रामथान गाउँपालिका कृषि विकाश शाखामा सम्पर्क गर्न सकिनेछ।

**तपशिलः**

| क्र.सं | कार्यक्रम/आयोजनाको नाम | संख्या | अनुदान रकमको सीमा र प्रतिशत | प्रस्ताव पेश गर्न सक्ने सम्बन्धीत साझेदारहरु | कार्यक्रम सञ्चालन गर्नुपर्ने क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | धान उत्पादन प्रबर्धन कार्यक्रम (बालि विकास कार्यक्रम) | बढीमा ५ वटा ब्लक | अधिकतम ५० प्रतिशत | कृषक, कृषक समूह, कृषि फर्म, कृषि सहकारी, सामूदायीक बीउ बैंक, उपभोक्ता समिति, उद्योगी तथा ब्यावसायी | प्रति ब्लक २० हेक्टर वा ३० बिघा क्षेत्रफल | |

**निवेद साथ पेश गर्नुपर्ने आवस्यक कागजातहरुः–**

१.) रु. १०/- को टिकट टाँस सहितको तोकिएको ढाँचा बमोजीम निदेन।
२.) कृषकको नागरीकता र जग्गा धनि लाल पुर्जा प्रतिलिपी।
३.) कृषक समूह/कृषि सहकारी/कृषि फर्म दर्ता संस्था प्रमाणपत्र/नविकरण/स्थायी लेखा नं प्रमाणपत्र।
४.) आफ्नो जग्गा नभएमा कार्यक्रम सञ्चालन हुने स्थानको जग्गा लिज वा ठेक्कामा लिएको ५ बर्षे सम्झौता पत्रको प्रतिलिपी अनिवार्य रुपमा संलग्न राख्नुपर्नेछ।
५.) निजी फर्मको हकमा गत आ.ब. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन प्रतिलिपि।
६.) निजी फर्मको हकमा गत आ.ब. सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धीत स्थानीय तहको प्रमाण।
७.) प्रतिबद्धता पत्र
८.) निर्णय प्रतिलिपी
९.) सम्बन्धीत वडा कार्यालयको सिफारीस।

**नोटः** कार्यक्रमको आवेदन पेश गर्दा ब्लक सञ्चालनमा गरिने क्रियाकलापहरु "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७८" वा सुचनाको दोस्रो पानामा तोकिएको अनुदान रकमको सीमा र प्रतिशत बमोजीम माग गर्नुपर्नेछ।

**सुरेन कुमार माझी** — **कृषि शाखा प्रमुख**
**गणेश बहादुर कार्की** — **प्रमुख प्रशासकीय अधिकृत**
**शिव नारायण माझी थारु** — **गाउँपालिका प्रमुख**

**बोधार्थः** श्री सुचना प्रविधि शाखा, सूचना वेबसाईटमा राखिदिनुहुन।
वेबसाइटः http://gramthanmun.gov.np/ इमेल : ito.gramthanmun@gmail.com

---

**कटारी नगरपालिका**
## नगर कार्यपालिकको कार्यालय
**कटारी, उदयपुर**
**प्रदेश नं १**

**आ.व. २०७८/०७९ को लागि ढुंगा, गिट्टी, ग्रावेल, रोडा, बालुवा, उत्खनन, संकलन विक्री तथा निकासी कर उठाउने सम्बन्धि बोलपत्र आह्वानको सूचना।**

**तेस्रो पटक प्रकाशित मिति २०७८/१०/१९**

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७७/०७/१५ गते प्रकाशित यस कार्यालयको आय ठेक्काको ठेक्का नं. २-२०७८/०७९र ठेक्का नं. ४-२०७८/२०७९ को सूचना बमोजिम कुनैपनि फर्मबाट समयभित्र प्रस्ताव दर्ता हुन नआएकोले पुनः प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। मिति २०७७/०७/१५मा प्रकाशित सूचनामा उल्लेखशर्त बमोजिम तपसिलको ठेक्का विवरणमा न्युनतम कबोल अंकको (कर वाहेक) ५०% (प्रतिशत) घटीमा बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको हुँदा सूचना प्रकाशित मितिले ७ दिनभित्र दर्ता गर्नु हुन र प्राप्त प्रस्ताव ८ औं दिनको दिउँसो २ बजे यसै कार्यालयमा खोलिने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

| सि. नं. | आय ठेक्का नं. | खोलाहरु | उत्खनन गर्ने खोला/घाट | वडा नं. | जम्मा उठाउन पाउने परिमाण | दर (घन मिटर) | न्युनतम कबोल अंक (कर वाहेक) | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| १. | २–२०७८/०७९ | कमला खोला | तिम्नाई, सिस्नेरी घाट, सत्खोल्सी कमला दोभान | १ | १६९६२.९६ घन मिटर | १४१.१२ | ११,९७,१६२ | १००० |
| २. | ४–२०७८/०७९ | कमला खोला, तावा खोला | तावा कमला दोभान (त्रिवेणी मेला) सिमानपुर मझुवा,भुण्टे चौरी | २ | २३३७०.३७ घन मिटर | १४१.१२ | १६,४९,३६६ | १००० |

**प्रमुख प्रकाशकीय अधिकृत**

---

## इच्छाकामना गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**कुरिनटार, चितवन**

### बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति :२०७८/१०/१९**

यस इच्छाकामना गाउँपालिका कार्यालयको तपसिलमा उल्लेखित कार्यहरु E-Bidding माध्यमवाट गराउनु पर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक सप्लायर्स, विकेता तथा व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रही रितपूर्वकको E-Bidding माध्यमवाट बिड गर्न यो सुचना आव्हान गरिएको छ।

**तपसिल**

१. बोलपत्र फाराम खरिदको लागि नवीकरण भएको इजाजतपत्र, आयकरदर्ता प्रमाणपत्र, मू.अ.क. दर्ता प्रमाणपत्र, फर्म संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र र आ.व. ०७७/०७८ को कर चुक्ताको प्रतिलिपि र निवेदन सहित यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन सम्ममा तपसिलमा उल्लेखित दस्तुर जम्मा गरी (फिर्ता नहुने गरी) www.bolpatra.gov.np/egp मार्फत खरिद गर्न सकिनेछ।
२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन, दिनको १२:०० बजे भित्र दाखिला गरिसक्नु पर्ने छ। यसरी दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
३. बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन विदापरेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिन सोहि समयमा उपरोक्त अनुसारको कार्य हुनेछ।
४. बोलपत्र साथ जमानत वापतको निम्न विवरणमा उल्लेखित रकम ग्लोवल आइ एम ई बैंक लि कुरिनटार, चितवन स्थित इच्छाकामना गाउँपालिका कार्यालय चितवनको धरौटी खाता नं. GA-3C401010000021 मा जम्मा गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ।
५. बोलपत्र फाराम वापतको दस्तुर ग्लोवल. आइ. एम. ई. बैंक लि कुरिनटार, चितवन स्थित इच्छाकामना गाउँपालिका कार्यालय चितवनको आन्तरिक राजस्व खाता नं. : GA-1-1C404010000004 मा जम्मा गरेको भौचरको scan copy समेत पेश गर्नु पर्ने छ।
   **कार्यालय कोड**-35-365-19
६. कालोसुचिमा नपरेको स्वयं घोषणापत्र समेत पेश गर्नु पर्नेछ।
७. बोलपत्रमा मू.अ.क. बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ। बोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। म्याद नाघि आएको र रित नपुगेको बोलपत्र उपर कुनै कार्वाही गरिने छैन।
८. एक फर्मको नाममा खरिद गरिएका बोलपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन।
९. बोलपत्र दाताहरुले वढिमा तिनवटा फर्महरुको एक संयुक्त उपक्रम बनाई बोलपत्र पेश गर्न सक्नेछन्। तर एक बोलपत्र दाताले संयुक्त उपक्रमको साझेदार वा व्यक्तिगत मध्ये कुनै एउटा मात्र बोलपत्र पेश गर्न सक्नेछ।
१०. कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा स्वीकृत नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
११. सूचनामा उल्लेख नभएको कुराहरुका हकमा सार्वजनिक खरिद ऐन, २०६३ एवं नियमावली, २०६४ र प्रचलित कानून बमोजिम हुनेछन्।
१२. बोलपत्रदाताले लागत अनुमान भन्दा १५% भन्दा कम अंक कबोल गरेमा कबोल अंकको ५% र लागत अनुमानको १५% भन्दा बढी घटेर कबोल गरेको अवस्थामा १५% भन्दा जति घटि कबोल गरेको सो को ५०% ले हुन आउने रकम कबोल अंकको ५% मा थप गरि कार्य सम्पादन जमानत राख्नु पर्नेछ।
१३. प्रि बिड मिटिङ सुचना प्रकाशित भएको मिलिले २१ औ दिन दिनको ठिक १ बजे यस कार्यालयमा हुनेछ र यदि उक्त दिन विदापरेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिन सोहि समयमा उपरोक्त अनुसारको कार्य हुनेछ।
१४. संझौता गरी काम सम्पन्न नगर्ने फर्मलाई नियमानुसार कालो सूचीमा दर्ताको लागि सम्वन्धित निकायमा लेखि पठाइनेछ।
१५. ठेक्का स्वीकृत भएपछि सम्झौता गरि तोकिएको काम समयसिमा भित्र नसक्ने प्रस्तावदातालाई अर्को १ आर्थिक वर्षको लागि नकारात्मक सूचिमा राखिने एवं अर्को २ आ.व. गाउँपालिकाको कुनै पनि ठेक्कामा निजको प्रस्ताव स्वीकृत गरिने छैन।
१६. कामको विवरण निम्नानुसारको छ।

| सि. नं. | ठे.नं . | कामको विवरण | ल.ई.रकम (मु.अ.क. र कन्टिन्जेन्सी वाहेक) | जमानत रकम | फाराम खरिद दस्तुर | माध्यम |
|---|---|---|---|---|---|---|
| १. | NCB/IRM/21/078/079 | "Construction of Water Supply Project at Simaldhap, Pipaltar ,khetbari by Gravity flow". | 30,39,933.48 | 95,000.00 | 3000.00 | बोलपत्र |

**प्रमुख प्रशासकीय अधिकृत**

## सम्पादकीय

# विश्वास भत्कने भय

प्रधानमन्त्री शेरबहादुर देउवाले निर्वाचन आयोगका पदाधिकारीहरूसँग स्थानीय चुनावबारे परामर्श लिएका छन् । यसअघि आयोग नै अग्रसर भएर सरकार र दलहरूसँग परामर्श गर्दै आएको थियो । तीन महिना अगाडि ८ कात्तिकमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया सहित पदाधिकारीहरूले प्रधानमन्त्री देउवालाई भेटेका थिए । उक्त भेटमा आयुक्तहरूले स्थानीय निर्वाचनबारे कानूनी प्रावधान सम्झाएका थिए । स्थानीय तह निर्वाचन ऐन-२०७३ ले स्थानीय तह जनप्रतिनिधिविहीन हुनु दुई महिना अगाडि चुनाव गराउनुपर्ने व्यवस्था गरेको तथ्य प्रधानमन्त्री देउवालाई जानकारी गराइएको थियो । सँगै, आयोगले संविधान र कानूनले आगामी ५ जेठभित्र सवै जनसरकार पदमुक्त हुने समेत तर्क गरेको थियो । तर प्रधानमन्त्री देउवाले भने संविधानको धारा २२५ ले स्थानीय जनप्रतिनिधिको कार्यकाल पाँच वर्ष भएको र कार्यकाल सकिएको ६ महिनाभित्र चुनाव गराउनुपर्ने व्यवस्था रहेको सम्झना रहेको जवाफ दिदै आएका छन् । २०७४ मा तीन चरणमा चुनाव भएको पनि सरकारको तर्क छ ।

आयोगले फेरि गएको ८ पुसमा फेरि प्रधानमन्त्री देउवासँग भेटेको थियो । उक्त भेटमा पनि स्थानीय चुनावबारे नै जानकारी गराएको थियो । तर प्रधानमन्त्री देउवाले कुनै कदम नचालेपछि ३० पुसमा सर्वदलीय बैठक राखेर आयोगले १४ र २२ वैशाखमा स्थानीय चुनाव गराउनुपर्ने प्रस्ताव राख्यो । फेरि ९ माघमा बक्तव्य जारी गरेर वैशाख मसान्तभित्र चुनाव गराउन आयोग तयार रहेको सन्देश सार्वजनिक गर्‍यो । आयोग सहित आमदबाव समेत ऐनअनुसार, चुनाव गराउनुपर्नेमा देखियो । जसकारण सत्ता गठबन्धन जेठभित्रै चुनाव गराउन तयार भए ।

यसपछि आयोगलाई प्रधानमन्त्री देउवाले बोलाए । आयोगले भने आगामी ४ जेठमा एकैपटक स्थानीय चुनाव गर्नुपर्ने प्रस्ताव गरेको छ । सँगै, सत्ता गठबन्धनको निर्णयप्रति असहमति रहेको सन्देश जानेगरी आयोगले बक्तव्य सार्वजनिक गरिदिएको छ । सरकारले संविधानको अपव्याख्या गरेको आयोगको तर्क छ । आयोगको यो शैलीबाट सत्ता गठबन्धन सन्तुष्ट देखिदैन । आयोगले क्षेत्राधिकार नाघेको आरोप छ । जसलाई पुष्टि हुनेगरी आयोगले गतिविधि गर्दा संवैधानिक निकायप्रतिको विश्वास घटेर जान्छ । लोकतन्त्रमा निर्वाचन नियमित प्रक्रिया हो । तर दलहरूले जसरी सत्ता स्वार्थका निम्ति उपयोग गरिरहेका छन् । त्यसमा आयोग विवादित बन्नु हुन्न । किनकि आयोगले निर्वाचन गराउनुपर्नेछ, त्यसमा विश्वासको आधार बलियो हुन जरूरी छ ।

# संसदीय व्यवस्था र राजनीतिक अस्थिरता

पार्टीमा स्थापित हुनको लागि पनि विचार हैन पैसा चाहिन्छ । संसदीय राजनीतिको प्रमुख सिद्धान्त वा गायत्री मन्त्र नै भ्रष्टाचार बनेको छ । राज्यका सबै अंगहरु भ्रष्टाचारमा लिप्त बनेका छन् ।

अग्रलेख



● विष्णु पन्त

### राजनीतिक अस्थिरताको पर्याय

नेपालको राजनीति दशकौंदेखि अस्थिरता र दिशाविहीनताको शिकार बनिरहेको छ । राजनीतिमा विचार सहायक र सत्ता प्रधान भएपछि अस्थिरता र दिशाविहीनता हुनु स्वभाविक पनि हो । सत्ता चलाउने दलहरुभित्र सामन्ती तथा नोकरशाही प्रवृत्ति हावी छ । दलीय निर्णयहरु मूल नेतृत्वको इच्छाबमोजिम मात्र हुने संस्कृतिको विकास भएको छ । विभाजन वा एकतामा कुनै राजनीतिक दिशा निर्देशन हुँदैन । क्षणिक स्वार्थका आधारमा गठबन्धन बन्ने र भत्कने प्रक्रियाको शिकार पुरै देश बनीरहेको छ । मुद्दाहरुको आधारमा भन्दा पनि स्वार्थ, आग्रह र पूर्वाग्रहका आधारमा राजनीतिक समिकरणहरुमा फेरबदल भइरहेको अवस्था छ ।

अहिले मुलुकमा पुनः संसदीय चुनावको चर्चा छ । संसदीय अभ्यासको आधारमा हेर्दा चुनाव गर्ने विषय क्रमिकता पनि छ । तर, कुन चुनाव भन्ने विषयमा संसदीय व्यवस्थाका हिमायतीहरुबीच चर्को मतभेद कायम छ । पहिला संसदीय कि स्थानीय भन्ने विषयमा विवाद तिव्र बन्दै छ । चुनाव गर्ने विषयमा समेत उनीहरुबीच विवाद, षडयन्त्र र दाउपेचहरु देखिएका छन् । लोकतान्त्रिक अभ्याससम्म गर्न चाहेको भए चुनावको जिम्मा निर्वाचन आयोगलाई दिए पुग्थ्यो । चुनाव त एउटा सिस्टममा हुने विषय हो, त्यसमा बहस र छलफलको जरुरी नै थिएन । तर, संसदीय पार्टीहरुमा लोकतन्त्र वा चुनाव त केवल देखाउने दाँत मात्र हो । अहिले सत्ता गठबन्धन के गर्दा एमालेलाई कमजोर बनाउन सकिन्छ भन्ने दृष्टिकोणबाट मात्र षडयन्त्र गर्दै छ भने एमाले कसरी गठबन्धनलाई भत्काउन सकिन्छ र चुनावमा आफु हाबी हुन सकिन्छ भन्नेमा छ । यदि लोकतान्त्रिक मर्यादा र आदर्श भएको भए चुनावालाई निष्पक्ष प्रतिस्पर्धाको रुपमा लिन सकिन्थ्यो । तर आज चुनावलाई षडयन्त्र र दाउपेचका रुपमा मात्र लिइदैछ । चुनाव कहिले गर्ने भन्ने विषयमै धाँदली हुँदै छ । चुनावसँगै धाँदली, बुथकब्जा, किनबेच आदिको गन्ध आइरहेको छ । संसदवादीहरु उनीहरुको महान् पर्व निर्वाचनका विषयमा समेत एउटा सर्वमान्य, विश्वसनीय र स्वतन्त्र अभ्यास गर्न सक्दैनन् भने उनीहरुले अरु के गर्न सक्छन् ? त्यसकारण उनीहरु संसदीय चुनावलाई प्रतिस्पर्धा हैन षडयन्त्र र व्यापारको रुपमा अभ्यास गर्दैछन् । कुन चुनाव पहिला गर्ने भन्ने विषयमा सत्तागठबन्धन भित्रै विवाद छ । यो चरम दिशाविहीनताको अवस्था हो । यसबाट संसदीय नेतृत्वमा भएको अराजक मनोविज्ञानको प्रक्षेपण गर्न सकिन्छ ।

देशलाई विधि र पद्धतिमा लैजाने सोंच कसैमा पनि छैन भन्ने प्रष्ट हुन्छ । संसदीय नेताहरुमा एउटै चिन्तन हाबी छ, त्यो हो : सत्ता, पैसा र भ्रष्टाचार । संसदीय व्यवस्थामा हुने विकास वा प्रगति भनेकै भ्रष्टाचार र राजनीतिक अस्थिरता हो । देश र जनताका लागि यो व्यवस्था वाक्क दिक्क भैसक्यो तर, नेताहरुका लागि यो नै स्वर्ग बनेको छ । लुटको स्वर्ग बनेको छ संसदीय व्यवस्था । न सम्पत्तिको छानबीन हुने न त भ्रष्टाचारको आरोपमा जेल जानुपर्ने यस्तो स्वर्ग त संसारमा कहिँ पनि छैन होला । भ्रष्टाचार गर्न परे नेपाल जानु भन्ने उखान बनाउने भए । हुँदा हुँदा त भ्रष्टाचार पनि खुल्ला रुपमा हुन थाले । संस्थागत र नीतिगत भ्रष्टाचारमा देशलाई शिकार बनाए । नेपालमा अनौठो गाईजात्रा छ, सम्पत्ति विवरण शुन्य तर, जीवनशैली खरबपतिको छ । सर्वहारा वा सुकुम्बासी तर, जीवनशैली राजा महाराजाहरुको भन्दा बढी भड्कीलो छ । यो आम्दानी कहाँबाट आउँछ, छानबीन गर्ने कसले ? नेताहरु आदर्श बन्नुपर्नेमा भ्रष्ट बनेपछि कसरी देश उँभो लाग्ने ? मन्त्री र प्रधानमन्त्रीले कमिसन खाएपछि कसरी सचिव र कर्मचारीले आफ्ना दृष्टिकोणहरु बनाउने ? ठेकेदार र व्यापारीहरुले कस्तो दृष्टिकोणको विकास गर्ने ?



> अहिले सत्ता गठबन्धन के गर्दा एमालेलाई कमजोर बनाउन सकिन्छ भन्ने दृष्टिकोणबाट मात्र षडयन्त्र गर्दै छ भने एमाले कसरी गठबन्धनलाई भत्काउन सकिन्छ र चुनावमा आफु हाबी हुन सकिन्छ भन्नेमा छ । यदि लोकतान्त्रिक मर्यादा र आदर्श भएको भए चुनावलाई निष्पक्ष प्रतिस्पर्धाको रुपमा लिन सकिन्थ्यो । तर आज चुनावलाई षडयन्त्र र दाउपेचका रुपमा मात्र लिइदैछ ।

### चुनावमा चिन्ता खर्चको मात्रै

संसदीय राजनीतिमा चुनावी बहस मात्रै खर्चमा केन्द्रीत हुने गरेको छ । खर्च धेरै लाग्ने भएकाले तलदेखि माथिसम्म चुनावी खर्चको विषयमा चिन्ता हुने गर्दछ । संसदीय निर्वाचनको कहाली लाग्दो अवस्थाबारे हामी चिरपरिचित नै छौं, चुनाव खर्च उठाउनै पर्‍यो भन्ने त हाम्रो उखान नै बनेको छ । उम्मेद्वार बन्न पनि लाखौं पैसा बुझाउनु पर्ने एकातर्फ छ भने चुनावमा लाखौं खर्च गर्नुपर्ने अवस्था छ । सामान्य र इमान्दार मान्छे चुनाव नै लड्न नसक्ने अवस्था बनेको छ । त्यसकारण संसदीय निर्वाचन प्रणाली पुरै महँगो, भड्कीलो र खर्चिलो बनेको छ ।

यो निर्वाचन प्रणाली असफल, काम नलाग्ने र अलोकप्रिय छ । यो निर्वाचन प्रणालीमा निष्पक्षता छैन । यो प्रणाली न त स्वतन्त्र, न त निष्पक्ष, नत विश्वसनीय नै छ । मतपत्र च्यातेर चुनाव जीतेका उदाहरण छँदैछन् । त्यो त संसदवादी नेताहरु सत्तामा पुग्नासाथ चुनाव खर्चको जोहो गर्न तर्फ लाग्दछन् । पार्टीमा स्थापित हुनको लागि पनि विचार हैन पैसा चाहिन्छ । संसदीय राजनीतिको प्रमुख सिद्धान्त वा गायत्री मन्त्र नै भ्रष्टाचार बनेको छ । राज्यका सबै अंगहरु भ्रष्टाचारमा लिप्त बनेका छन् । यो दलाल संसदीय व्यवस्थामा भ्रष्टाचार त सम्मानको विषय बनेको छ । मन्त्रीहरुले आफ्ना लागि, पार्टीका लागि र शीर्ष नेतृत्वका लागि पैसा जम्मा गरिदिनुपर्ने अवस्था छ । नियुक्ती, सरुवा, बढुवा, ठेक्कापट्टामा खुलेआम मोलमोलाई र भागवण्डा हुने गरेको छ । यो विषयमा राज्यका छानबीन गर्ने निकायहरु मौन र बेखबर जस्तै बन्छन् । त्यसकारण अब चुनावी सरगर्मी र बहसहरु चल्दै गर्दा सबैतिर चुनावी खर्च र जुटाउने तयारी चल्दै छ ।

अहिले सत्तामा हुनेहरु राज्यकोषको ब्रह्मलुट गर्नेतर्फ योजना बनाइरहेका छन् भने सत्ता बाहिर परेकाले अन्य स्रोतहरुको खोजी गरिरहेका छन् । सत्ताबाट केही समय अगाडि मात्रै बाहिरिएको एमालेलाई खर्चको कुनै चिन्ता देखिन्न । किनकी यसअघि नै उसले सत्तामा हुँदा मनग्ने थुपारेको विषय बाहिरिएको थियो । एमालेले सत्ताबाट बाहिरिए लगत्तै गरेको शक्ति प्रदर्शनले पनि उसँग मनग्गे पैसा भएको जनाउँछ । बाँकी सबैजसो दलहरु (राप्रपा, नेमकिपालगायत बाहेक) अहिले सत्ताकै वरिपरि छन् । राष्ट्रिय जनमोर्चासमेत अहिले सत्ताको केन्द्रमा छ । एक सिटे राजमो यही खेलले संघीय संसदमा २ सिटे भएको छ । सत्ताको वरिपरि रहेका दलहरुलाई खर्चको कुनै चिन्ता छैन । प्रदेशहरुमा विधिलाई नै मिचेर खर्च व्यवस्थापनकै निम्ति दलहरुले चाहिएसम्मका मन्त्रालय थपेका छन् ।

यसकारण यो संसदीय व्यवस्था केही सिमित स्वार्थका समूहहरुले रजाइँ गर्ने व्यवस्था हो । सिमित समूहले रजाइँ गर्ने र त्यसका मूल नेतृत्वकर्ता राजा बनिरहने भ्रष्ट व्यवस्थाको विकल्प खोज्नै पर्छ । हामीले यो व्यवस्थाको विकल्प खोज्न सकेनौं भने आगामी पिँढी पनि यो घिनलाग्दो व्यवस्थाबाट निरन्तर पीडित भइरहनेछ ।

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

गठबन्धनको अर्थ राष्ट्रिय सवालहरूमा अनिर्णयको बन्दी बन्नु हैन । निरन्तर अवरूद्ध र स्थगित संसद, स्थानीय निर्वाचन, एमसीसी-कम्प्याक्ट, अर्थतन्त्र सुधारजस्ता सवालमा पनि विमति हुने हो भने गठबन्धनको काम छैन । च्याँखे थापेर चुनाव जित्ने दाउका रूपमा गठबन्धनलाई कसैले नबुझेकै राम्रो ।



**- टेकनारायण पौडेल**

दुई डाक्टरको लडाइँमा डा. बाबुराम भट्टराईको डीग्री पनि सही हो । भिजन पनि सही छ । प्रयोग मात्रै गलत गरे । डा. भिम रावलको डिग्री त सही होला तर, भिजन अछामको सफेबगर तर्नेसम्मको छैन । प्रयोग त झन अछामको मलाता गाउँको छाउपडीभित्र भन्दा माथि उठेको पनि छैन ।



**- निर्मल प्रसाइँ**

राजनीतिक बेरोजगारहरू नयाँ पार्टी खोल्छु भन्छन् तर, नयाँ प्रणालीमा कृषि खेती गर्छु भन्दैनन् । अनि धनियाँ, बेसार र लसुन आयात हुनु स्वभाविक हो । फाइदाजनक र आकर्षक पेशा भएको छ राजनीति । परिश्रम र मेहनत बिना अर्बपति भइने, स्वाङसहित दादागिरी मच्चाउन पाइने ।



**- मुमाराम खनाल**

सांसदहरू चुनावमा बाहेक निर्वाचन क्षेत्रतिर जान खासै रूचि राख्दैनन् । विदेश जाने मौका पाउँदा हुरूक्क हुन्छन् । बरू कानुन संशोधन गरेर 'सांसद विदेश जान चाहेको बेला पठाइदिने तर, लगत्तै हुने एक कार्यकालको निर्वाचनमा उमेदवार बन्न नपाइने' बनाइदिउँ ।



**- विनोद न्यौपाने**

चोलेन्द्र शम्शेरवाला आन्दोलन कता पुर्‍याए ?बजेट सके जस्तो छ ? हाँस्छ भैरे मोरो ! फण्डितहरूको सेटिङ्ग दुनियाँले बुझ्यो । पार्टीहरूको भागबण्डा र सेटिङ्ग, न्यायाधिस घुस खाने, वकिलहरू लगेर बुझाउने, भागबण्डामा मन्त्री बनाउने । हाम्रो युएनडिपीले केही भनेको छैन नी श्रेष्ठ श्रीमान् ?

## पत्र



● लेखराज रेग्मी

> मनमोहन, रायमाझी, तुलसीलालसँगै पुष्पलाल, मोहन विक्रम र निर्मल लामाहरुका वैचारिक राजनैतिक श्रृखंलाहरुको सकारात्मक र नकारात्मक प्रभाव मूल्यांकन तथा जनआन्दोलन र सशस्त्र संघर्षका क्रममा हामी कहाँ कति चुक्यौ भन्ने समिक्षासहित नेपाली क्रान्तिको सही दिशा निर्क्यौल गर्न आवश्यक छ । रुपलाल स्वनाम र रुपचन्द्रहरुका प्रयोग अभ्यास र सांस्कृतिक शिक्षाहरु पनि अध्ययनका विषय बन्दछन् ।

# नेपाली कम्युनिष्ट आन्दोलनबारे

नेपाल कम्युनिष्ट पार्टीको गठनसँगै सशस्त्र क्रान्तिको माध्यमबाट राजनैतिक परिवर्तनको मान्यता स्थापित भयो । मनमोहन अधिकारीले शान्तिपूर्ण प्रतिष्पर्धा र राजनैतिक विचारधाको प्रचार प्रसारको लाइन स्वीकारेर प्रतिबन्ध फुकुवा गराएपछि सशस्त्र संघर्षको मुद्दा कार्यान्वयनको विषय बनेन् । तर, यो मान्यता खारेज गरिएन । रायमाझी, तुलसीलाल र २०२५ पछि पुष्पलालको नेतृत्वमा राजनैतिक ढंगले पञ्चायतमा प्रवेश गर्ने 'पेनट्रेशन' लाइन अभ्यासमा आयो । पंक्तिकारलाई जानकारी भएको सवाल के हो भने चौथो महाधिवेशनसँग दाङको जिल्ला पार्टीको यौटा विवाद पेन्ट्रेशनलानमै थियो । शिवराज गौतमलगायतले यसै आधारमा चुनावको उपयोग गर्दै पञ्चायती पदहरु प्राप्त गर्नुभएको थियो । चौथो महाधिवेशनले पञ्चायती व्यवस्थासँग पुरै सम्बन्ध विच्छेदको बाटो रोज्यो र निर्वाचित पदाधिकारीहरुलाई महाधिवेशनमा प्रवेश रोक्यो । यसरी शिबराज गौतम आफैले चौथो महाधिवेशनमा भाग लिन पाउनु भएन । चौथो महाधिवेशनमा राजा वा नेपाली कांग्रेस एउटा रोज्नुपर्ने कम्युनिष्ट पार्टीको नियतीको अन्त्य गर्ने र स्वतन्त्र अडान र पहल स्थापित गर्ने उद्देश्यले २०३४ असार ८ गते देशव्यापी रूपमा राजतन्त्र विरोधी पर्चाबाजी गरियो । यो पर्चा राजा वा कांग्रेसको पिछलग्गु बन्ने चिन्तनका विरुद्धको ऐतिहासिक पहल थियो र यसले नेकपाको इतिहासमै सशस्त्र क्रान्तिको नारालाई ऐतिहासिक ढंगले तार्किक रुपमा स्थापित मात्र गरेन २०३५ मा सेक्रेटरी सम्मेलनमार्फत जुझारु, जनाधार र ग्रामिण वर्ग संघर्षको रुपमा किसान आन्दोलनको व्यवस्थित बिजारोपण पनि गर्‍यो ।

किसान सम्मेलन र जयगोविन्द शाहको नेतृत्वमा देशैभरी किसान संघर्षका झिल्काहरु देखिन थाले र यसको हटस्पट बन्यो जयगोविन्दको राजनैतिक कर्मथलो । यसकै हाराहारीमा चलेका जुगेडि-जुटपानी संघर्ष, निकुञ्जको ज्यादती र यसले पैदा गरेका असहजताको विरोध र मध्यवर्ती क्षेत्रका जनताको जीवनस्थिति सुधारका लागि चालिएका संघर्ष तथा पुनर्वास आन्दोलनहरुले चितवनलाई संघर्षको केन्द्रिय भागमा विकास गर्दै गर्‍यो । बेलुवा बन्जाडी किसान आन्दोलन तितरबितर पारिएको थियो तर, र त्यसको साख सेलाइसकेको थिएन, मोही बेदखली, छारा, मकैबाली छिटुवाबाली आन्दोलनले किसानमा एक प्रकारको जागरण र संघर्ष चेत बढाइरहेको थियो । यी सबै पुरानो लिगेसीसहित नेत्रलालको अगुवाइमा सन्देश समूहको नेतृत्वमा नेकपा माले गठन प्रक्रियामा संलग्न भयो ।

मधेशको किसान आन्दोलन र जनकपुरको राजनैतिक सभा पछि चौथो केन्द्रीय समितिमा र हर्रेबर्रे घटनापछि पुष्पलाल समूहमा किसान आन्दोलनमा एकप्रकारको अरुची देखा पर्‍यो तर, उचाई छुँदै गरेको नक्सलवाडी आन्दोलन र चिनियाँ सांस्कृतिक क्रान्ति तथा कोरिया र इण्डोचीनमा प्राप्त गर्दै गरेको सफलताको प्रभाव नेपालमा पनि पर्‍यो । जसले गुरिल्ला युद्धको उन्मादी प्रभाव पैदा गर्‍यो । पोलवोटको पतन, रुसको बिखण्डन, चीनमा प्रतिक्रान्ति तथा नक्सलवाडी आन्दोलनमा बिखरावका बाबजुद नेपाली युवाहरुमा जुनुन पैदा भैरहेको थियो । चौथो केन्द्रिय समितिको विवादले पैदा गरेको अकर्मण्यता र झापा आन्दोलनको प्रचारात्मक प्रभाव र नेकपा मालेको गठनले एकतहको आशावादिताको काम गरेको थियो । माले बिस्तार त हुन्छ तर, वैचारिक बिचलनको सुरुवात पनिसँगै सुरु हुन्छ । चौथो केन्द्रिय समितिले गम्भिर समिक्षासहित नेपाली कम्युनिष्ट आन्दोलनको सही बाटो समाउने र विकास गर्ने अवसर आन्तरिक किचलो अविश्वासको प्रसारण र लफ्फाजीहरुको सहारामा आफूलाई सुरक्षित गर्ने अभ्यासको चल्ते गुमाउन पुग्छ र अन्ततः फुटमा गएर चौथो केन्द्रीय समिति धाराशायी हुन्छ । नेकपा मसाल बन्नु पुनर्विभाजन तथा चौथो केन्द्रीय समितिमा विभाजन कालमा स्थापित केही भ्रान्त धारणाहरुको कारण चौम समूहभित्रको कचिङगलका कारण २०३६ देखि २०४२ को अवधि कतिपय सकारात्मक प्रयोग र आन्दोलनका सकारात्मक परिणामका बावजुद गुणात्मक परिमाणका दृष्टिले अनुत्पादक बन्न पुग्दछ ।

आज पेरुलगायत विभिन्न देशका सशस्त्र संघर्षहरु रक्षात्मक तर, मूलतः बिघटनको स्थितिमा छन् । नेपालको शान्ति प्रकृयाले भौतिक क्षतिबाट देश जनता र कार्यकर्ताहरुलाई जोगाएको छ । तर, आज पार्टी पंक्तिभित्र देखिने वैचारिक सांस्कृतिक बिचलनका कारणहरुको खोजि नगरिकनै हामीले सही ढंगले रुपान्तरणलाई कार्यरुप दिन सक्दैनौँ । मनमोहन, रायमाझी, तुलसीलालसँगै पुष्पलाल, मोहन विक्रम र निर्मल लामाहरुका वैचारिक राजनैतिक श्रृखंलाहरुको सकारात्मक र नकारात्मक प्रभाव मूल्यांकन तथा जनआन्दोलन र सशस्त्र संघर्षका क्रममा हामी कहाँ कति चुक्यौ भन्ने समिक्षासहित नेपाली क्रान्तिको सही दिशा निर्क्यौल गर्न आवश्यक छ । रुपलाल स्वनाम र रुपचन्द्रहरुका प्रयोग अभ्यास र सांस्कृतिक शिक्षाहरु पनि अध्ययनका विषय बन्दछन् । इतिहासमा स्थापितहरुको दौराको फेर समातेर रुने वा हाँस्ने शैलीले नेपाली कम्युनिष्ट आन्दोलनको र परिवर्तनको अगुवाई सम्भव छैन भन्ने तथ्य विश्व इतिहास र नेपालकै इतिहासले पनि पुष्टी गरिसकेको छ । सबै संस्कृति र सभ्यताको विकास इतिहाससँग जोडिन्छ । इतिहासलाई इन्कार गर्नेहरुले आफ्नै इतिहास पनि मेटिरहेका हुन्छन् । हामी ओठमा होइन दिमागमा र अमलमा ऐतिहासिक भौतिकवादलाई कसरी ग्रहण गर्छौं भन्ने कुराले हाम्रा दिशा र दशा देखाउने छ । आशावादी बनौं र आ-आफ्नो ठाउँमा डटौं ।

# केन्द्रीय शिक्षक अस्पताल बनाउन सैद्धान्तिक सहमति

**काठमाडौं/मस**–सरकारले तीन सय शय्याको केन्द्रीय शिक्षक अस्पताल चितवनमा बनाउन सैद्धान्तिक सहमति दिएको छ ।

सोमबार साँझ बसेको मन्त्रिपरिषद्को बैठकले चितवनको भरतपुर महानगरपालिका वडा नम्बर १५ स्थित भगवानपुरमा शिक्षक अस्पताल निर्माण गर्न सैद्धान्तिक सहमति दिएको शिक्षा विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले जानकारी दिए ।

मन्त्री पौडेले मन्त्रिपरिषद्मा शिक्षक अस्पताल निर्माणको प्रस्ताव पेश गरेका थिए । अस्पताल निर्माणका लागि २१ बिगाह जग्गा भरतपुर महानगरपालिकाले उपलब्ध गराएको छ ।

शिक्षा मन्त्रालयले गठन गरेको जग्गा खोजी र सम्भाव्यता अध्ययन समितिले चितवन, भक्तपुर र मकवानपुरमा शिक्षक अस्पताल स्थापना गर्न सक्ने सिफारिस गरेको थियो । विमल शर्मा चालिसे संयोजकत्वको सम्भाव्यता समितिले यी सबैभन्दा उपयुक्त हुने ठाउँ चितवनको भरतपुर महानगरपालिका १५ भगवानपुरमा रहेको सुझाव दिएको थियो ।

समितिका सदस्य एवम् जनस्वास्थ्य विज्ञ लिलानाथ भण्डारीले देशको लगभग सबै क्षेत्रका लाभग्राहीले सुविधा लिन सक्ने ठाउँ रहेको र भौतिक संरचना निर्माण गर्नका लागि जग्गा सम्याउने, पर्खाल लगाउने जस्ता साइट डेभ्लपमेन्ट कार्यमा किफायती हुने देखिएको बताए ।

'हाल शिक्षकहरुलाई सिभिल अस्पतालबाट सेवा लिने र सबै शिक्षकहरुको स्वास्थ्य बिमा सरकारले गरिदिने गरी हामीले प्रतिवेदन मन्त्रालयलाई सुझाव दिएका छौं' भण्डारीले भने ।

'अध्ययन समितिले दिएको प्रतिवेदनमाथि छलफल गरेर भरतपुर महानगरपालिका-१५ भगवानपुरमा उपयुक्त हुने गरी मन्त्रिपरिषद्मा सिफारिस लगेका थियौं,' मन्त्री पौडेलले भने, 'समग्र सबैलाई उपयुक्त स्थान भरतपुरमा हुनेभएकाले त्यहाँ बनाउनका लागि निर्णय भएको छ ।'

मन्त्री पौडेलका अनुसार सैद्धान्तिक सहमति भएपछि डिपिआरका लागि प्रक्रिया मन्त्रालयले अघि बढाउनेछ ।

'पहिले तीन सय शय्याको अस्पताल बन्छ,' मन्त्री पौडेलले भन्नुभयो, 'पछि प्रतिष्ठान हुने गरी १५ सय बेडको अस्पताल बनाउने गरी लक्ष्य लिएका छौं ।' अस्पताल बनेपछि कर्मचारी तथा उनका परिवारलाई उपचारमा ४० देखि ५० प्रतिशतसम्म छुटको व्यवस्था हुनेछ । अर्थमन्त्री जनार्दन शर्माले बजेट अध्यादेशको प्रतिस्थापन विधेयक संसदमा पेश गर्दा शिक्षकका लागि छुटै अस्पताल बनाउने घोषणा गरेका थिए । साथै, सोमबारको बैठकले केन्द्रीय आयोजना कार्यान्वय इकाई (शिक्षा) का लागि अस्थायी दरबन्दी स्वीकृत गरेको छ ।



# नवलपरासीमा सवारी दुर्घटना, एक जनाको मृत्यु, ४ जना घाइते




**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, १८ माघ

नवलपरासीमा मोटरसाइकल दुर्घटनामा एक भारतीय नागरिकको मृत्यु भएको छ ।

मंगलबार सुस्ता गाउँपालिका वडा नं. २ हरकपुरास्थित भित्री सडकखण्डमा पश्चिमबाट पुर्वतर्फ जाँदै गरेको लु १८ प ८६०५ नम्बरको स्कुटर र विपरित दिशाबाट आउँदै गरेको युपी ५६ एन ७२३५ नम्बरको मोटरसाइकल एक आपसमा ठक्कर खाएको थियो ।

दुर्घटनामा मोटरसाइकल चालक (भारत) जिल्ला महराजगंज आनन्दनगर फरेन्दा बस्ने अन्दाजी १९ वर्षीय आरबिन्द चमारको उपचारको क्रममा शहीद स्मृति सामुदायिक अस्पताल चौपत्तामा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय नवलपरासीले जनाएको छ ।

प्रहरीका अनुसार मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने अन्दाजी ३५ वर्षीया कलावती चमार र १९ वर्षीय रामकरण चमार घाइते भएका छन् ।

घाइतेहरुको सामुदायिक अस्पताल चौपत्तामा उपचार भइरहेको छ । त्यस्तै स्कुटर चालक बर्दघाट नगरपालिका वडा नं. १५ बस्ने अन्दाजी १८ वर्षीय अमृत सुनारको दुबै खुट्टा फ्याक्चर, कम्मरमा चोट लागेको छ । स्कुटरमा पछाडि सवार सोही ठाउँका अन्दाजी १७ वर्षीय निर्मल तामाङको टाउको, शरिर र दाहिने खुट्टामा चोट लागेको छ ।

गम्भिर घाइते दुवै जनाको शहीद स्मृति सामुदायिक अस्पताल चैपत्तामा सामान्य उपचार पश्चात थप उपचारको लागि मेडिकल कलेज भैरहवामा पठाइएको जिल्ला प्रहरी कार्यालय नवलपरासीले जनाएको छ । मोटरसाइकल र स्कुटर प्रहरीले नियन्त्रणमा लिएको छ ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७८/१०/१९
यस कम्पनीको मिति २०७८/०९/२३ मा सम्पन्न बार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **गैडाकोट पोलिक्लिनिक प्रा.लि. (प्रा.लि. नं. १०८२५९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०९/२९ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **गैडाकोट सामुदायिक हस्पिटल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७८/१०/१९
यस कम्पनीको मिति २०७८/०९/२१ मा सम्पन्न बार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **घरको हार्डवेयर कम्पनी प्रा.लि. (प्रा.लि. नं. २१२७४१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०९/२५ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **ओत्री ग्रुप प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**नाम परिवर्तन भएको जानकारी**

**काठमाडौं/एजेन्सी–** युक्रेनका सम्बन्धमा छलफल गर्नका लागि बोलाइएको संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको बैठकमा अमेरिका र रुसका प्रतिनिधिबीच चर्काचर्की भएको छ। रुसले युक्रेनसँगको सीमा क्षेत्रमा करिब एक लाख सैनिक तैनाथ गरेपछि अमेरिकाले त्यसबारे छलफल गर्नका लाग सुरक्षा परिषदको बैठक बोलाएको हो। सो बैठकमा संयुक्त राष्ट्रसंघका लागि अमेरिकी तथा रुसी दूतबीच चर्काचर्की भएको हो।

संयुक्त राष्ट्रसंघका लागि अमेरिकी राजदूत लिण्डा थोमस-ग्रिनफिल्डले रुसले सीमा क्षेत्रमा तैनाथ गरेको सैनिक संख्या युरोपमा दशकौं यता देखिएको सबैभन्दा ठूलो तैनाथी रहेको बताइन्। उनका रुसी समकक्षीले उत्तेजना फैलाएको र रुसी मामिलामा अस्वीकार्य हस्तक्षेप गरेको आरोप लगाए।

अमेरिकासहितका पश्चिमा देशले सीमा क्षेत्रमा सेना तैनाथ गरेको रुसले युक्रेनमाथि आक्रमणको तयारी गरेको बताउँदै आएका छन्। सैन्य आक्रमण भएको खण्डमा रुसमाथि थप प्रतिबन्ध लगाउने अमेरिका र बेलायतले बताइसकेका छन्। तर रुसले भने सैन्य आक्रमणको तयारी नरहेको दाबी गर्दै आएको छ।

सोमबार भएको सुरक्षा परिषदको बैठकमा रुसी राजदूत भासिली नेबेन्ज्याले रुसले युक्रेनमाथि सैन्य आक्रमणको तयारी गरिरहेको भन्ने कुनै प्रमाण नरहेको बताए। रुसले आफ्नो भूमिमा सैनिक तैनाथ गर्न पाउने र त्यो अमेरिकाको चासोको विषय नरहेको दाबी उनले गरे।


## हल्दीबारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

जलथल, झापा
१ नं प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सच्याईएको सम्बन्धमा ।**

**प्रकाशन मितिः– २०७८/१०/१९**

यस गाउँ कार्यपालिकाको कार्यालयवाट विभिन्न मितिमा प्रकाशित वोलपत्र/ठेक्का नं **HRM/WORKS/LIGHTS/SQ/09–078/79, Procurement Supply and Installation Of Street Light and Censor Light At Haldibari Rural Municipality** सम्बन्धी कार्यका सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा दफा ४७ को प्रयोजनार्थ प्रकाशित बोलपत्र स्वीकृत गर्ने आशयको सूचनामा स्वीकृतिको लागि छनौट भएको वोलपत्रदाता र कबोल अङ्क तपशिल अनुसार हुने पर्नेमा अन्यथा भएकोले सच्याईएको छ।

**तपशिल**

| क्र. स. | ठेक्का नं | निर्माण/आपुर्ति सम्वन्धी कामको विवरण | स्वीकृतिको लागि छनौट भएको बोलपत्रदाताको विवरण | कबोल गरेको रकम रु (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| १ | HRM/ WORKS/ LIGHTS/SQ/ 09-078/79 | Procurement Supply and Installation Of Street Light and Censor Light At Haldibari Rural Municipality. | Hertz Engineering Private Limited, Kathmandu, Nepal | RS. 1004830.78 (Ten Lakhs Four Thousand Eight Hundred Thirty Rupees Seventy-Eight Paisa only) |

**प्रमुख प्रशासकीय अधिकृत**

**नेपाल सरकार**
## स्वास्थ्य बीमा बोर्ड, टेकु, काठमाडौं

**सवारी साधन खरिद गर्ने सम्वन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७८।१०।१९**

यस बोर्डलाई आवश्यक पर्ने देहाय बमोजिमको सवारी साधन सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा (१) (क) (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) बमोजिम सवारी साधन बिक्री गर्न चाहने उत्पादक तथा आधिकारीक बिक्रेताले आ-आफ्नो उत्पादनको आधिकारिक स्पेसिफिकेसन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बोर्डमा शिलबन्दी प्रस्ताव पेश गर्नुहुन सम्वन्धित उत्पादक वा आधिकारिक बिक्रेताको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| Type of Vehicle | Requirement (General Specification) | Required Quantity |
|---|---|---|
| Double Cab, RHD, 4WD Pick-up | RHD, 4WD, Double Cab Pick-up type vehicle, 4 stroke, Water-cooled Diesel Engine, Developing Maximum Rated Power output not less than 140 HP and Maximum torque should not be less than 320 N-m at governed RPM, Equipped with all necessary accessories, Minimum 1 year's warranty after acceptance and others are as per approved Technical Specification. | 1 (one) |

**नोट : थप जानकारीका लागि www.hib.gov.np मा हेर्न सकिनेछ।**

## चौकुने गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

गुट्टु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

**करारमा सेवा लिने सम्बन्धि सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मिति २०७८।१०।१८ गते)**

चौकुने गाउँपालिकाका लागि प्रत्येक वडामा कार्यक्षेत्र रहनेगरी गाउँपालिकाको अधिनमा रहि सामाजिक परिचालक पदमा **चौकुने गाउँपालिकामा करारमा सामाजिक परिचालक व्यवस्थापन गर्ने सम्बन्धी कर्यविधि, २०७८ बमोजिम** देहायको संख्या र योग्यता भएको सामाजिक परिचालक करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपालीनागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र दिनको २:०० बजेसम्म राजश्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ। फाराम, दरखास्त दस्तुर, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत कार्यालयबाट वा वेवसाइट www.chaukunemun.gov.np बाट उपलब्ध हुनेछ।

**विवरण :**

| पद | संख्या | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|
| सामाजिक परिचालक | १० जना | चौकुने गाउँपालिकाका तोकिएको वडा। | प्रत्येक वडामा १/१ जना। |

२. शैक्षिक योग्यता र अनुभव (नमुना) :
क) नेपाली नागरिक।
ख) न्यूनतम योग्यता : नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट ˙२ वा सो सरह उत्तिर्ण गरेको।
ग) १८ बर्ष उमेर पुरा भई ४० बर्ष ननाघेको हुनुपर्ने।
ङ) अन्य प्रचलित कानुनद्धारा अयोग्य हुनुपर्ने।
३. दरखास्तमा संलग्न गर्नुपर्ने :
- उम्मेदवारको व्यक्तिगत विवरण,
- शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि,
- नेपाली नागरिकताको प्रतिलिपि,
- पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने।

४. दस्तुर : रु.१०००।- (एक हजार मात्र)
५. परिक्षा किसिम : कागजात मूल्यांकन तथा अन्तवार्ता।
६. पारिश्रमिक : गाउँपालिकाले तोकेबमोजिम हुनेछ।
७. कार्यालयले खटाएको वडामा गई काम गर्नुपर्नेछ।

**नोट** : दरखास्त आह्वान भएको अन्तीम दिन सार्वजनिक विदा पर्ने गएमा वा भवितव्यले कार्यालय विदा भएमा यसको भोलिपल्ट दरखास्त पेश गर्न सकिनेछ। विस्तृत जानकारीका लागि गाउँपालिकाका कार्यालय (९८५८०४७३३३) मा सम्पर्क गर्न सकिनेछ।

**नि.प्रमुख प्रशासकीय अधिकृत**

## Dudhauli Municipality
## Office of the Municipal Executive

Dudhauli, Sindhuli
Bagmati Province, Nepal

**Invitation for Electronic Bids for procurement of Fabricated Steel Parts for Trail Bridges**

**Contract Identification No: DMUN-13-078/79**
**First Date of Publication: 2078/10/19 (02/02/2022)**

1. **The Government of Nepal (GoN)** has allocated TB-SWAp funds to Dudhauli Municipality for **Trail Bridge Program** and the Municipality intends to apply the funds to cover eligible payments under the Contract for supply of fabricated steel parts for Trail Bridges. Bid is open to all eligible Nepalese Bidders.
2. The Dudhauli Municipality invites electronic bids from registered fabricators for supply of fabricated steel parts for following Trail Bridges under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLI may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Dudhauli Municipality or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
5. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
   Name of the Bank : Nepal Bank Limited, Dudhauli Branch, Sindhuli.
   Name of the Office : Dudhauli Municipality, Office of the Municipal Executive
   Sanchit Kosh (Revenue) Bank Account No. : 25203000000004001001
6. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp, on or before **12:00 noon** on 2078/11/20 **(04/03/2022).** Documents received after this deadline shall not be accepted.
7. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at Dudhauli Municipality on 2:00 PM on 2078/11/20 **(04/03/2022.)** at the office Dudhauli Municipality, Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by bid security, amounting of NRs. 71,000.00/-, which shall be **valid for 30 days** beyond the bid validity period.
8. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Account No. **Dharauti Account No: 25203000000003000001 Name of the Bank: Nepal Bank Limited, Dudhauli Branch, Sindhuli, Name of Office: Dudhauli Municipality, Office of the Municipal Executive, Dudhauli, Sindhuli** and submit Bank deposit voucher along with the bid.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
10. Pre-Bid Meeting shall not be held at the office of Dudhauli Municipality on.
11. The name and identification of the contract are as follows:

| Description of Work (Fabrication Package) | Estimated Amount NRs (Excluding VAT) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|
| Fabrication of steel parts and transportation up to road head of Kalnamuni Trail Bridge and Khadkadhik Truss Bridges. | 2,481,939.44 | 71,000.00 | 3,000.00 |

12. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# बक्स अफिस समाचार

## 'मौलिक कथामा बनेका सिनेमा दर्शकले रुचाउँछन्'



**सुस्मिता खत्री** कला क्षेत्रमा छायाँकारकारुपमा परिचित नाम हो । उत्कृष्ट छायांकन कला र प्राविधिक क्षमताका कारण उनका कार्यले तारिफ बटुल्न सफल भएका छन् । सानैदेखि घरमा भएको क्यामरा चलाउने गर्ने उनी पछि यसैमा रुचि बढ्दै गयो र अहिले आफ्नो क्षमतामार्फत सबैको मन जित्न सफल भएकी हुन् । डकुमेन्ट्री, सर्ट मुभी, म्युजिक भिडियोलगायत एक दर्जनभन्दा बढीमा उत्कृष्टता प्रदर्शन गरेकी उनको पहिलो प्रस्तुति 'एकल महिला' थियो । यसलाई उनले लमजुङ गएर गएर छायांकन गरेकी थिइन् । कुनै पनि दृश्य सामग्रीलाई राम्रो बनाउन सिनेमेटोग्राफरको महत्वपूर्ण भूमिका रहेको बताउने उनी एउटा राम्रो दृश्य सामग्री दर्शकसम्म आउँदा धेरै जनाको उत्तिकै महत्वपूर्ण भूमिका रहने बताउँछिन् । 'सामान्यतया एउटा राम्रो छायाँकारमा लाइट, फ्रेमिङ, ब्यागराउण्ड र कलर इडिटिङ डाइरेक्सन साथै हरेक कुराको जानकारी हुनुपर्दछ भन्ने उनी 'सुटिङ सेटमा भई सकेपछि डाइरेक्टरको निर्देशनलाई सहज रूपमा बुझेर उत्कृष्ट नतिजा निकाल्नु नै छायाँकारको दायित्व हो' भन्छिन् । छायाँकनलगायत विविध पक्षबारे छायाँकार खत्रीसँग **मध्यान्ह दैनिक**का लागि प्रतिक्षा गौतमले गरेको कुराकानीको सम्पादित अंश प्रस्तुत छ :

**सुस्मिता खत्री, छायाँकार**

**यो क्षेत्रमा कसरी आउनुभयो ?**

सानैदेखि घरमा भएको क्यामरा चलाउने गर्थें म । म क्यामेराको सोखिन थिएँ । सुरु सुरुमा विभिन्न कार्यक्रममा भिडियो खिच्ने गर्थें । पछि यसैलाई प्रोफेसन बनाउने निधो गरें र होमिएँ यो क्षेत्रमा ।

**छायाांकन के हो ?**

छायांकन भनेको कुनै दृश्य या चल अव्जेक्टिवलाई क्याप्चर गर्नु हो । रेकर्डिङ गर्नु हो । स्क्रिन मा चलिरहेको छविहरूको एक व्यवस्थित र सुसंगत तरीकामा पेश गर्ने कला हो ।

**मुख्य काम के हो ?**

जसरी मानव जीवनको जटिल अंग आँखा हो, त्यसरी गरी एउटा समग्र फिल्ममा आँखाको भूमिका छायाँकन विद्याले गरेको हुन्छ । समग्र फिल्मलाई निर्देशकको 'पोइण्ट अफ भ्यू' बाट आम दर्शक माझ पुऱ्याउने काम छायाँकारको हो ।

**के के गुण आवश्यक देख्नुहुन्छ ?**

सामान्यतया एउटा राम्रो छायाँकारमा लाइट, फ्रेमिङ, ब्यागराउण्ड र कलर इडिटिङ डाइरेक्सन साथै हरेक कुराको जानकारी हुनुपर्दछ । सुटिंग सेटमा भई सकेपछि डाइरेक्टरको निर्देशनलाई सहजरूपमा बुझेर उत्कृष्ट नतिजा निकाल्नु नै छायाँकारको दायित्व हो ।



**चलचित्र क्षेत्रमा महिलाका कुरालाई लिएर विभिन्न टिका टिप्पणी हुने गर्दछन्, तपाईं आफै महिला छायााकार हुनुहुन्छ । यो विषयलाई कसरी लिनुभएको छ ?**

विभिन्न क्षेत्रबाट पनि महिलाका इस्यु उठने गर्दछन् । हामीले पनि समाजमा अन्य कामसँगै महिला अधिकारका विषयमा कुराहरू उठाउँछौं । म आफैं महिला भएकाले यस्ता कुरालाई मैले प्राथमिकतामा नै राखेकी छु । मलाई के लाग्छ भने धेरै कुरा आफूमा भर पर्छ । आफू सक्षम सवल हुन जरुरी छ । तपाईं आफैंले नकारात्मक कुरालाई खबरदारी गर्नुभयो भने यस्ता कुरा न्युन हुँदै जान्छन् भन्ने लाग्छ ।

**सिनेमा क्षेत्र हल्लै हल्लाले चलेको भन्छन् नि ?**

चलचित्र क्षेत्र मनोरञ्जनको क्षेत्र हो । यो ग्ल्यामरको क्षेत्र हो । अन्य क्षेत्रका भन्दा यस क्षेत्रमा भए गरेका कुराहरूले अलिक धेरै चर्चा पाउँछन् । फेरि यो क्षेत्र भनेको सपनाको खेती पनि हो । जहाँ सपना बुनिन्छ, सपना बेचिन्छ र सपनामै रमाइन्छ ।

**त्यो सपनामा आफूलाई चैं कहाानेर पाउानुहुन्छ त ?**

यो सपना पूरा हुन्छ भन्ने विश्वास छ मेरो पनि । चलचित्रको सपना भित्र यथार्थमा पाउँछु आफूलाई । बास्तविकतामा पाउँछु । चलचित्रको सपना भित्र यथार्थ खोज्ने काम गर्छु ।

**तपाईंलाई कस्ता सिनेमा दर्शकले मन पराउाछन् जस्तो लाग्छ ?**

अहिले चलेका सिनेमा जनजिब्रोमा झुण्डिएका, बोलीचाली टिपीकल नेपाली भाषाका छन् । हामी एक अर्कामा बोल्ने भाषामा बनेका चल्छन् । आयातितभन्दा पनि हाम्रो परिवेश, बोली चालीका भाषा, आफ्नै मौलिक कथा टपक्क टिपेर बनाएका सिनेमा दर्शकले रुचाउँछन् ।

**नेपाली चलचित्र क्षेत्रमा पनि महिलको पारिश्रमीकमा विभेद गरिन्छ भन्ने सुन्निछ नि ?**

जेण्डरको कारणभन्दा पनि विश्व चलचित्र क्षेत्रमा नायक नायिकाको पारिश्रमिक समान छैन । फेरि नायिकाको उमेर कटेपछि ग्ल्यामर्स रहँदैन । जति भने पनि उमेर कटेपछि नायिका बनाउँदैन सकिदैन । कतिपय सिनेमामा नायकलेभन्दा नायिकाले बढी पारिश्रमिक लिएका उदाहरण पनि छन् । हाम्रोमा देखा पर्न, खेल्नकै लागि निर्देशक निर्मातासँग त्याग गर्छन् कतिपयले कम्प्रमाइज गर्छन, त्यो इमोशनमा खेलिदिन्छन कतिपयले त्यसैले पनि होला पारिश्रमिक समान नभएको । तर, उही र उस्तै प्रकृतिको कामका लागि भने समान पारिश्रमिक हुनुपर्छ ।

**छ्याांकन कतिको गाह्रो काम हो ?**

आफ्नो काम हो, त्यस्तो गाह्रो लाग्दैन मलाई । आफ्नो पेशा हो, काम हो, पूजा हो । शुरुका दिनहरूमा अलिक अप्ठायारो लाग्थ्यो तर काम गर्दै जा'दा सिकिन्छ, सिक्दै जाने कुरा हो ।

**हामी कहाा छौं, कतिको फड्को माऱ्यो जस्तो लाग्छ नेपाली सिनेमाले ?**

नेपाली सिने इतिहासले आफ्ना विभिन्न कालखण्ड पारगर्दै अहिलेको अवस्थामा आइपुगेको छ । यो अवस्थामा आइपुग्दा हामी जहाँ पुग्नु पर्ने हो त्यहाँ पुग्न सकेका छैनौं । तर, कछुवाको गतिमा हिडेको हाम्रो चलचित्र क्षेत्र ओस्कारमासमेत नोमिनेसन हुनु राम्रो कुरा हो । किनकी सिने क्षेत्रका लागि अन्तिम विन्दु भनेको ओस्कार हो ।

अहिले धेरै माथि छ सिनेमा क्षेत्र । पछिल्लो समयमा यो क्षेत्रमा राम्रै भइरहेको छ तर यसलाई अझ राम्रो र परिस्कृत बनाउन जरुरी छ । कोरोना संक्रमणका कारण यो क्षेत्रमा केही असहज परिस्थिति सिर्जना भएको छ । यो बीचमा पनि केही सिनेमा बने, बन्ने क्रममा छन् । पक्कै पनि भोलिका दिन अझ उज्ज्वल देख्छु म त ।

**नयाा कलाकारहरूलाई वर्कशपको कतिको आवश्यकता पर्दछ ?**

अभिनय जति पनि साह्रो गर्छ पर्छ त्यसको समाधान वर्कशपनै हो अर्थात वर्कशपले कुनै पनि कलाकारको ' कन्फीडेन्स पावर' लाई बढावा दिन्छ भन्ने मलाई लाग्छ । वर्कशपले अभिनयमा धेरै नै सहयोग पुऱ्याउछ भन्ने लाग्छ मलाई । नयाँ कलाकारहरूलाई त यो आवश्यकभन्दा पनि अनिवार्य नै हुन्छ भन्ने मलाई लाग्दछ ।

**यो क्षेत्रलाई कसरी लिनुहुन्छ ?**

यो क्षेत्र भनेको क्रिएशन हो । क्रिएशनमा सधैं सिक्ने नै हुन्छ भन्ने मलाई लाग्छ । मैले यो क्षेत्रलाई बुझ्नेभन्दा पनि सिक्दै छु । धेरै कुरा बुझ्ने क्रममा छु । हाम्रा आफ्ना कुरालाई लिएर सिनेमा बनाउन सक्यो भने राम्रो हुन्छ ।

## 'आँसु पिउँदै' गीतको भिडियो सार्वजनिक




**काठमाडौं/मस–** अञ्जु पन्त र शिव परियारको स्वरमा सजियको मर्मस्पसी गीत 'आँसु पिउँदै' सार्वजनिक भएको छ । भीष्मराज फुलाराको शब्द, बाबुल गीरीको सङ्गीत रहेको गीतको भिडियो सार्वजनिक भएको हो । सुनिता बस्नेतको कोरियोग्राफी, रामजी लामिछाको निर्देशन रहेको गीतको भिडियोमा पृथ्वी प्रसाईं र अनु शाहलाई फिचरिङ गरिएको छ ।

फुलारा इन्टरटेनमेन्ट नेटवर्कमार्फत सार्वजनिक भिडियो श्याम खत्रीले निर्माण गरेका हुन् । रूपा मानन्धरको शृङ्गार, सुमन कार्कीको छायाँकन, दिनेश राजबहाकको मिक्सिङ रहेको भिडियोको पोष्ट प्रोडक्शन स्टुडियो द पिक रहेको छ ।

## 'पुष्पा'को हिन्दी भर्सनले कमायो सय करोड



**काठमाडौं/एजेन्सी–** 'पुष्पा'को हिन्दी भर्सनले सय करोड कमाएको छ । सातौं हप्तामा 'पुष्पा'ले कुल कमाइमा २ करोड थप्दै फिल्मले दुर्लभ कीर्तिमान कायम गरेको हो ।

पहिलो हप्ता ३ करोड ३३ लाख कमाइ गर्दै आफ्नो यात्रा सुरु गरेको 'पुष्पा'ले योसँगै 'बाहुबली'को रेकर्ड पछ्याएको हो ।

'पुष्पा' झैं 'बाहुबली' पनि तेलगु भाषामा बनेर हिन्दीमा डब गरी प्रदर्शनमा आएको थियो । यो फिल्मले हिन्दी भर्सनमा मात्र १ अर्ब १७ करोड कमाइ गरेको थियो ।

महामारीका कारण भारतमा अधिकांश राज्यमा हल बन्द हुँदा पनि यो फिल्मले गरेको कमाइ आश्चर्यजनक मानिएको छ ।

यो फिल्मलाई ओटिटी रिलिजले पनि असर गरेको थिएन । ओटिटीमा सार्वजनिक भए पनि हलमा यो फिल्म हेर्ने दर्शकमा कुनै कमी थिएन । दुई भागमा आउने यो फिल्मको पहिलो भागका गीत र संवाद भाइरल भएका छन् । देश विदेशका सेलिब्रेटीले यो फिल्मको संवाद र गीत नक्कल गर्ने गरेका छन् । फिल्ममा अल्लु अर्जुन र रश्मिका मन्दानाको मुख्य भूमिका रहेको छ ।


**कतारमा रोजगार** | कम्पनी: HALA HYPERMARKET
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/१०/१८ | चलानी नं. ६०१७३८५२ | LT. No.: 257417

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesman | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४२,५६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Fish Salesman | 1 | 0 | | 1300 | ४२,५६२ | | | | | | | |
| 3. | Cashier | 2 | 0 | | 1300 | ४२,५६२ | | | | | | | |
| 4. | Presser | 1 | 0 | | 1300 | ४२,५६२ | | | | | | | |
| 5. | Driver | 2 | 0 | | 1500 | ४९,११० | | | | | | | |
| 6. | Falafel Maker | 1 | 0 | | 1300 | ४२,५६२ | | | | | | | |
| 7. | Waiter | 2 | 0 | | 1400 | ४५,८३६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २६ गते (9 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ईजाजत नं. ९३४/०६७/०६८

**सिद्ध ग्लोबल सर्भिसेज प्रा. लि.**

बसुन्धारा-३, काठमाडौं, नेपाल, फोन नं. : ४९७०१४२, ४९७०१४३

Email: info.siddaglobalservices@gmail.com, Website: www.siddhaglobalsevices.com


### खजुरा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय

बाँक, लुम्बिनी प्रदेश, नेपाल

**सिलबन्दी दरभाउपत्र स्विकृतको आसय सम्वन्धमा**

**(प्रथम पटक प्रकाशन मिति २०७८।१०।१९)**

यस कार्यालयबाट ६ नं. वडा कार्यालयको अधुरो भवन निर्माण कार्यहरुको सिलबन्दी दरभाउपत्र ठेक्का नं. KRM/NCB/Works/25/078-079 माग गरि प्राप्त हुन आएका सिलवन्दी दरभाउपत्रहरुलाई सरकारी कार्यालय र ठेकेदार प्रतिनिधिहरुको रोहवरमा मिति २०७८।१०।१६ गते खोलि मुल्यांकन गर्दा सबै भन्दा कम कवोल गर्ने आर.सि. विल्डर्स बासगढी बर्दियाले भ्याट र पि.एस.बाहेकको रु. ५,७५,९४१।३० रकम कबोल गरेको हुँदा उल्लेखित निर्माण कम्पनीलाई छनौट गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) अनुसार सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

प्रमुख प्रशासकिय अधिकृत


**कतारमा रोजगारको अवसर** | कम्पनी : IKA CONSTRUCTION
शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७८/१०/१८ | चलानी नं.: ६०१७३८२६ | L.T. No.: 257144

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४९,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Painter | 4 | 0 | | 1500 | ४९,११० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ माघ २६ गते (9 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सद्रग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Wahaa Manpowers Supplier Pvt. Ltd.**

Govt Lic No. 469/060/061, Kalopool 7, Kathmandu, Nepal., Tel: 4583566, 4516998


### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०४/१२ मा दर्ता भएको **प्रा.लि. नं. २६५६८७** को **अजिज व्युटी एण्ड कस्मेटिक प्रा.लि.** को मिति २०७८/१०/१८ मा सम्पन्न एकल शेयरधनीको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं.** २८७,
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं.** ९८४१३४०४०३
**ईमेल :** rokayasherbahadur723@gmail.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७५/०९/२३ मा दर्ता भएको **प्रा.लि. नं. २०६१६०** को **प्रिन्सा एण्ड प्रिन्स प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।


**SAUDI मा रोजगार** **1. Al Haider Company For Trading and Contracting**

पुनः बिज्ञापन । पुर्व स्वीकृती मिति: २०७७/१२/१८ | चलानी नं. ६०१५६४३३ | LT No.:238302

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Labors | 5 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,५६४।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Public Car Drivers | 2 | | 1800 | ५६,८१५।- | | | | | | | |
| ३. | Driver of all road mechanisms | 2 | | 2500 | ७८,९१०।- | | | | | | | |

**2. Crystal Events & Catering Contracting Co. LLC**

पुनः बिज्ञापन । पुर्व स्वीकृती मिति: २०७८/०६/०८ | चलानी नं. ६०१६३६५२ | LT No.: 246015

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Restaurant Worker | 04 | साधारण | 1000 | ३१,५६४।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०७८ माघ २६ गते (9 Feb., 2022) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**Gulf Star Overseas Pvt. Ltd.** "Your Career Partner"

Lic. No.: 1011/068/069

Samakhushi-10, Kathmandu, Tel.: 01-4970001|4970002|4970003
Email: gulfstar1011@gmail.com URL:gulfstaroverseas.com

# तनावपूर्ण खेलमा नेपाल विजयी

## मरिसस १-० ले पराजित, चार वटा रातोसहित १५ कार्ड देखाइयो

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ माघ



चार रातो कार्ड देखाइएको खेलमा नेपालले मोरिससविरुद्धको दोस्रो मैत्रीपूर्ण खेलमा जित हात पारेको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा मंगलबार भएको खेलमा नेपालले मरिससलाई १-० गोल अन्तरले पराजित गरेको हो ।

७०औं मिनेटमा दुई टिमबीचका खेलाडीबीच झडप हुँदा खेल एकछिन तनावपूर्ण बनेको थियो । रेफ्री नविन्द्र महर्जनले नेपालका पुजन उपरकोटी र मोरिससका एड्रिन बोट्लरले रातो कार्ड देखाएका थिए । त्यसपछि दुवै टोली १० खेलाडीमा सीमित बनेको थियो । त्यस्तै रेफ्री महर्जनले नेपालका गोल किपिङ प्रशिक्षक विकास मल्ललाई पनि रातो कार्डको दर्शन गराउँदै स्ट्यान्डको बाटो देखाएका थिए । यस्तै ७९औं मिनेटमा मोरिससका बैकल्पिक खेलाडी इमानुएल फुलचुन्डले रातो कार्डको सामना गरेपछि मोरिसस ९ खेलाडीमा सीमित भएको थियो ।

म्याच रेफ्री रहेका नविन्द्र महर्जनले खेलाडी र अफिसियललाई रातो र पहेंलो गरी १५ वटा कार्ड देखाएका हुन् । चार वटा रातो कार्ड देखाइएकोमा बाँकी सबै पहेंलो कार्ड देखाइएको हो ।

नेपालको जितमा सुजल श्रेष्ठले खेलको १० औं मिनेटमा निर्णायक गोल गर्दै नेपालको जित सुनिश्चित गरेका हुन् । सुजलको यो नेपालका लागि तेस्रो गोल हो । आशिष लामाले प्रहार गरेको बलमा पेनाल्टी क्षेत्र भित्र रहेका पुजन उपरकोटीले उपलब्ध ब्याक फ्लिक पासमा सिक्स यार्ड बक्सबाट सुजलले वान टचमा गोल गरे ।

यता, मरिसस पेनाल्टीमा चुक्दा नेपालसँग लगातार हार व्यहोर्यो । खेलको १३ औं मिनेटमा मरिससका कप्तान एन्डी सोफीले पेनाल्टीमा गोल गर्न सकेनन् । उनको प्रहार नेपालका कप्तान तथा गोलकिपर किरण चेम्जोङले बचाए ।

नेपालका दिनेश राजवंशीले लिन्स्ले बर्सीलाई पेनाल्टी क्षेत्रभित्र लडाएपछि मरिससले पेनाल्टी पाएको थियो । १४ औं मिनेटमा मोरिससले पाएको कर्नरलाई किरणले बचाएका थिए । २० औं मिनेटमा फर्नान्डो ज्याक्सनको प्रहार बाहिर गएको थियो ।

२६ औं मिनेटमा पनि मोरिससले फ्रिकि पाएको थियो त्यसमा पनि असफल रहेको थियो । २९ औं मिनेटमा डिबक्सबाहिरबाट पाएको फ्रिकिक नेपाली डिफेन्स वालले तोडेको थियो । ३० औं मिनेटमा पनि पाएको फिकिक सदुपयोग गर्न सकेन ।

३२ औं मिनेटमा अञ्जन विष्टलाई लडाएपछि नेपालले फ्रिकिक पाएको थियो । एरिक विष्टले गरेको प्रहारलाई दर्शन गुरुङले पोस्ट चार्ज गरेपनि ब्लक भएको थियो । तेज तामाङले ३६ औं मिनेटमा मोरिससका गोलकिपर पोस्टमा नभएको अवस्थामा लङ प्रहार विफल भएको थियो ।

३९ औं मिनेटमा मोरिससका एन्डी सोपीको प्रहार फ्रेमभन्दा माथिबाट गएको थियो । ३९ औं मिनेटमा दर्शन गुरुङको हेडर प्रयास विफल भयो । ४० औं मिनेटमा नेपालका कप्तान किरण चेम्जोङले उत्कृष्ट सेभ गरे । ४१ औं मिनेटमा मोरिससले कर्नर पाएको थियो । त्यो बल पनि बिफल नै रह्यो । ४४ औं मिनेटमा मोरिसका निम्से ब्रासेको प्रहारलाई नेपालका किरणले सेभ गरेका थिए । दोस्रो हाफको शुरुमा विमल घर्तिमगर र मनिष डाँगी मैदान प्रवेश गरेका थिए ।

५७ औं मिनेटमा सुमन लामाको क्रसमा अनमार्क रहेका विमल घर्ति मगरले बल भेट्टाउन सकेनन् । खेलको ६२ औं मिनेटमा नेपालका मनिष डाँगी गोल गर्न चुके । सुजलको फ्री-किकमा मरिससका डिफेन्डरले राम्ररी क्लियर गर्न नसक्दा सिक्स यार्ड बक्स भित्रबाट उनले बाहिर प्रहार गरे । ६८ औं मिनेटमा मरिससका कप्तान एन्डीले पेनाल्टी क्षेत्रको एजबाट प्रहार गरेको बल नेपालका गोलकिपर किरणले मुश्किलले बचाए ।

खेलको ७० औं मिनेटमा मरिसस र नेपाल १० खेलाडीमा समेटियो । एक अर्काविरुद्ध घम्साघम्सीमा उत्रिएपछि मरिससका एड्रियन बोटलरले दुई पहेलो कार्डसहित रातो कार्ड पाए । नेपालका पुजन उपरकोटीलाई पनि रातो कार्ड देखाउदै रेफ्री नविन्द्र महर्जनले मैदानबाट बाहिर पठाए ।

७८ औं मिनेटमा मरिसस ९ खेलाडीमा समेटियो । गौतम श्रेष्ठलाई फल गरेपछि मरिससका इम्यानुएलले रातो कार्ड पाएका थिए । दोस्रो हाफको अतिरिक्त समयमा अन्जन विष्टले अग्रता दोब्बर बनाउने मौका गुमाएका थिए । यसैगरी १०५ औं मिनेटमा मनिष डाँगी पनि गोल गर्न असफल भएका थिए ।

यस जितसँगै नेपालले मरिससविरुद्ध लगातार दोस्रो जित निकाल्न सफल भएको छ । शनिबार भएको पहिलो मैत्रीपूर्णमा नेपालले मरिससलाई १-० गोल अन्तरले हराएको थियो ।

# आईपीएल अक्सनमा नेपालबाट सन्दीप मात्रै

**काठमाडौं/मस-** इन्डियन प्रिमियर लिग (आईपीएल) २०२२ को मेगा अक्सनमा नेपाली क्रिकेट टोलीका कप्तान सन्दीप लामिछानेको आधारमूल्य ४० लाख (६४ लाख नेपाली रुपैयाँ) भारतीय मुख्य तोकिएको छ ।



नेपालबाट १५ खेलाडीको नाम आईपीएल अक्सनका लागि दर्ता गरिएको थियो । तर अक्सनका लागि राइट आर्म लेग स्पिनर सन्दीपमात्र छनोट भएका छन् । सन्दीपलाई २०१८ मा दिल्ली डेयरडेभिल्सले आधार मूल्य २० लाख भारतीय रुपैयाँमा अनुबन्ध गरेको थियो । त्यस सिजन सन्दीपले अन्तिम तीन खेलमा ५ विकेट लिएका थिए ।

२०१९ मा सन्दीपले दिल्लीबाट ६ खेलमा ८ विकेट लिएका थिए । २०२० मा भने सन्दीपले मौका पाएनन् । २०२१ मा सन्दीपले आफ्नो आधारमूल्य ४० लाख भारु राखेपनि कुनैपनि टोलीले मूल्य लगाएका थिएनन् ।

अक्सनका लागि एसोसिएट राष्ट्रबाट ४१ खेलाडी मेगा अक्सनका लागि रजिस्ट्रेसन भएका थिए । अक्सनका लागि कुल एक हजार २१४ खेलाडीले रजिस्ट्रेसन गरिएको थियो । त्यसमध्ये ५९० खेलाडी अक्सनका लागि सूचीकृत भएका छन् ।

नेपालबाट सन्दीपबाहेक दीपेन्द्रसिंह ऐरी, सोमपाल कामी, करण केसी, कुशल मल्ल, शरद भेषावकर, विनोद भण्डारी, अविनाश बोहरा, आरिफ शेख, सुशन भारी, रोहित पौडेल, कुशल भुर्तेल, सन्दीप जोरा, पवन सर्राफ र आसिफ शेखको नाम दर्ता गरिएको थियो । तर अक्सनका लागि सन्दीपको नाम मात्र परेका छ ।

अक्सनका लागि भएको सर्ट लिस्टमा ५९० मध्ये ३७० भारतीय र २२० विदेशी खेलाडी छन् ।अफगानिस्तानबाट १७, अस्ट्रेलियाबाट ४७, बंगलादेशबाट ५, इङ्ल्यान्डबाट २४, आयरल्यान्डबाट ५, न्युजिल्यान्डबाट २४, दक्षिण अफ्रिकाबाट ३३, श्रीलंकाबाट २३, वेस्टइन्डिजबाट ३४, नामिबियाबाट ३, स्कटल्यान्डबाट २, जिम्बाब्वे, नेपाल र अमेरिकाबाट एक एक खेलाडी परेका छन् । आईपीएलमा १० टोलीले ३३ खेलाडी रिटेन गरिसकेका छन् । आईपिएल अक्सन १२ र १३ फेब्रुअरीमा बैंगलोरमा हुनेछ ।

# डोजाङ प्रमुखको पुम्से हुने

**काठमाडौं/मस-** काठमाडौं जिल्ला तेक्वान्दो संघको आयोजनामा प्रथम काठमाडौं जिल्लाव्यापी अन्तर डोजाङ प्रमुख अनलाइन पुम्से तेक्वान्दो प्रतियोगिता माघ २८ गते हुने भएको छ ।




प्रतियोगितामा विभिन्न २ सय डोजाङका २ सय डोजाङ प्रमुखहरुको सहभागिता रहने आयोजक संघका अध्यक्ष अशोक खड्काले जनाएका छन् ।

दुई एकल स्पर्धा समावेश गरिएको छ । पुरुष/महिला १८ वर्षमाथि उमेरसमूहको खेल हुने छ । पुरुष/महिला दुवैमा समान नगद पुरस्कार राखिएको छ । पहिलो हुनेले ५ हजार, दोश्रोले ३ हजार र तेश्रोले २ हजारका दरले नगद पुरस्कार पाउने छन् ।

सहभागीले माघ २३ गतेसम्म आफ्नो नाम दर्ता गराइसक्नु पर्ने छ । माघ २३ देखि २६ गतेसम्म भिडियो पठाउने अवधि तोकिएको छ । भिडियो बढीमा १ मिनेट २० सेकेन्डको मात्र हुनु पर्ने आयोजकले जनाएको छ ।

# पीएसजी बाहिरियो

**काठमाडौं/एजेन्सी-** साविक विजेता पेरिस सेन्ट जर्मेन (पिएसजी) कप डि फ्रान्सको अन्तिम १६ बाट बाहिरिएको छ ।



सोमबार राति लिग वान प्रतिद्वन्द्वी निससँग टाइब्रेकरमा ६-५ ले पराजित हुँदै पिएसजी अन्तिम १६ बाटै बाहिरिएको हो । निर्धारित समय गोलरहीत बराबरी भएपछि खेल पेनाल्टी सुटआउटमा धकेलिएको थियो । पेनाल्टी सुट आउट समेत ४-४ भएपछि खेलको छिनोफानो सडनडेथमा भएको हो ।

निसका गोलिकिपर मार्सिन बुल्काले पिएसजीका लियानार्दो प्राडेस र जाभी सिमोन्सको प्रहार रोक्दै टोलीको क्वार्टफाइनल यात्रा पक्का गरेका थिए ।बुल्का पिएसजीबाटै लोनमा निस गएका थिए । निसले यस जितसँगै पिएसजीको सबै खाले प्रतियोगिता गरि १४ खेलको अपराजित यात्रामा समेत पूर्णविराम लगाइदिएको छ ।

सन् २०११ मा लिललाई १-० को नतिजा सुम्पिएपछि पिएसजीले कोपा डे फ्रान्समा गोल गर्न नसकेको यो पहिलो खेल हो । पिएसजी निससँग पछिल्लो आठ भेटमा अपराजित थियो । कोभिड १९ संक्रमण भएपछि टोलीबाट रहँदै आएका अर्जेन्टिनी स्ट्राइकर सोमबार निसविरुद्धको खेलमा फर्किए पनि पिएसजीलाई क्वार्टरफाइनल पुऱ्याउन सकेनन् ।


**Prasauni Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Prasauni, Bara**
**Madhesh Pradesh, Nepal**

**Invitation for Bids**

**Date of Publication : 2078/10/19 (2022-02-02)**

1. The **Office of The Rural Municipal Executive, Prasauni** has allocated funds towards the cost of **Construction of Roads/Causeway/ Goods for below mentioned contract .** Bidding is open to all eligible Nepalese bidders.
2. **Office of The Rural Municipal Executive, Prasauni,** invites electronic bids from eligible bidders under National Competitive Bidding procedures.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the **Office of The Prasauni Rural Municipality, Bara, E-mail:prasaunigaupalika1@gmail.com**
4. **According to amended public procurement act (PPA-69 amendment) and public procurement regulation, only e-Bidding is applicable for this contract. No Hardcopy submission is applicable**.
5. Bidder who chooses to submit their bid can download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified in this notice) of bidding document in the Project's Office **revenue account** as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher of **non-refundable fee of Rs 3000**.00/-per bid shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: **Himalayan Bank Ltd., Prasauni, Bara**
   Name of Office: **Office Of The Rural Municipal Executive Prasauni, Bara**
   Account Name: **GA-1.1 Aantrik Rajaswa Khata Prasauni**
   Office Account no.: **05307682940019**
6. Pre-bid meeting shall be held at **Office Of The Rural Municipal Executive, Prasauni, Bara** at 2078/11/10 (2022-02-22), 14:00 Hrs.
7. Electronic bids must be submitted to the **Office Of The Rural Municipal Executive, Prasauni, Bara** through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Hrs on 2078/11/20 (2022-03-04). Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00Hrs, 2078/11/20 (2022-03-04) at the **Office Of The Rural Municipal Executive, Prasauni,Bara.**Bids must be valid for a period of 90 Days after bid opening and must be accompanied by a bid security & scanned copy of the bid security in pdf format, amounting to a minimum of **rupees as mentioned below** which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 Days).
9. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. The employer reserves the right to accept or reject,wholly or partly any or all the bids without assigning any reason,whatsoever.

| S.No | Contract ID No. | Project Name | Estimated cost Nrs (Including Vat) | Bid Security Nrs. |
|---|---|---|---|---|
| 1 | PRM/NCB/SQ/WORKS/2078/079-07 | Construction of Vented Causeway Work, Ward No. 7 | 29,21,381.53 | 75,000.00 |
| 2 | PRM/NCB/SQ/WORKS/2078/079-08 | Construction of Gravel Road Patanjali Dekhi Paschim Utar Sadak Maato Gravel Work, Ward No. 3 & 4. | 24,35,344.83 | 62,500.00 |
| 3 | PRM/NCB/SQ/WORKS/2078/079-09 | Construction Of Concrete Road Patanjali udhyog dekhi Daxin Nakatuwa Jaane Baato Dhalan Work,Ward No. 1 | 46,75,862.07 | 1,20,000.00 |
| 4 | PRM/NCB/SQ/WORKS/2078/079-10 | Supply & Delivery Of 1.5" Dia Drinking Water Tubewell (1.5" Dia. Handpump Accessories). | 41,99,249.05 | 1,05,000.00 |

**Chief Administrative Officer**



**बिक्रीमा सरस्वतीको मूर्ति**

*सुनसरी सदरमुकाम इनरुवा-२ मा बिक्रीका लागि राखिएको सरस्वतीको मूर्ति । तस्बिर : अजितकुमार झा/रासस*

# नेपालले विश्व बैंकसँग १७ अर्ब सहुलियत ऋण लिने




**काठमाडौं/रासस** - नेपाल सरकारले विश्व बैँकसँग 'फाइनान्स फर ग्रोथ डेभलपमेन्ट पोलिसी क्रेडिट' वापत् प्राप्त हुने १५० मिलियन अमेरिकी डलर करिब १७ अर्ब बराबरको सहुलियतपूर्ण ऋण लिनका लागि वार्ता टोली गठन गरेको छ ।

नेपाल सरकारको यही माघ १७ गतेको मन्त्रिपरिषद्को बैठकका मुख्य निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सो जानकारी दिएका हुन् । बैठकले हिमाल आरोहण दल (नेपाली सेना) का सदस्यलाई सलामी दस्तुर र धरौटी रकम छुट दिने, शिक्षक अस्पताल स्थापनाका लागि प्रक्रिया सुरु गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति दिने, यही माघ १९ गते सोनाम ल्होसारका अवसरमा नेपालभरका कार्यालयमा बिदा दिनेलगायत निर्णय गरेको पनि मन्त्री कार्कीले जानकारी दिए ।

त्यस्तै मन्त्रिपरिषद् बैठकले नेपाल टेलिभिजनको अध्यक्षमा नेपाल प्रेस युनियनका पूर्व अध्यक्ष समीरजङ्ग साहलाई बढीमा चार वर्षका लागि नियुक्ति दिने, नेपाल खुल्ला विश्वविद्यालयको उपकुलपतिमा प्रा डा शिलु मानन्धरलाई नियुक्ति दिने, सरकारको सचिव पदमा सहसचिव रामेश्वर दङ्गाललाई बढुवा गर्ने, लोकसेवा आयोग तथा बढुवा समितिको सिफारिशमा विभिन्न कर्मचारीलाई राजपत्रांकित प्रथम श्रेणी र सो सरहको पदमा बढुवा गर्ने, कच्चा दुधको न्यूनतम् मूल्य प्रतिलिटर ५६ रुपैयाँ ४ पैसा निर्धारण गर्ने निर्णय गरेको छ । साथै बैठकले विभिन्न मालपोत र नापी कार्यालयका लागि कार्यक्षेत्र निर्धारण पनि गरेको छ ।

# नेप्से परिसूचक दोहोरो अंकले बढ्यो



**काठमाडौं/रासस** - धितोपत्र बजारमा सेयर कारोबार मापन नेप्से परिसूचक माघ १८ गते दोहोरो अंकले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक सो दिन १९ दशमलव २९ अंकले उकालो लागेर दुई हजार ८ सय ९१ दशमलव ३३ मा पुगेको छ ।

यस्तै, ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ३ दशमलव ९८ अंकले बढेर ५ सय ४२ दशमलव ९० मा पुगेको छ । नेप्सेको उकालो यात्रासँगै कारोबार रकममा पनि सुधार आएको छ । कुल २ सय २३ कम्पनीको एक करोड २१ लाख ६७ हजार ६ सय ५ कित्ता सेयर ६ अर्ब ५७ करोड ४८ लाख ४२ हजार ४ सय १८ मूल्यमा खरिद बिक्री भए ।

कारोबार भएका कुल १३ उपसमूहमध्ये माघ १८ गते चारको सेयर मूल्यमा गिरावट आएको छ भने नौ उपसमूहको सेयर मूल्यमा वृद्धि भएको छ ।

# एनसेलले ल्यायो कुरा गर्दा ट्याबलेट पाइने योजना

**काठमाडौं/मस** एनसेलका ग्राहकले आफ्ना परिवारजन, साथीभाइ र आफन्तहरुले मलेसियाबाट गरेको कलमा कुरा गर्दा ट्याब्लेट जित्ने मौका पाउनेछन् । एनसेल आजियाटा लिमिटेडले चिनियाँ नयाँ वर्षको अवसरमा मलेसियन दूरसञ्चार सेवा प्रदायक कम्पनीहरुसँगको सहकार्यमा यो आकर्षक योजना ल्याएको हो । सो योजना मंगलबारबाट सञ्चालनमा आउँदै छ र १० दिनसम्म सञ्चालनमा रहने कम्पनीले जनाएको छ । यो योजना अवधिमा मलेसियाबाट आउने आगमन कलमा सबैभन्दा धेरै कुरा गर्ने तीन जना ग्राहकले १/१ वटा फिल्पकेस र टी-पेन सहितको टीसीएल ट्याव टेनएस पाउनेछन् ।

ग्राहकले उठाएको आगमन कलको कुल संख्या, औसत कल समय र कुल कुराकानी गरेको मिनेटको आधारमा तीन जना विजयी ग्राहकको नाम छानिने छ । मलेसियाको डीजी, यू मोबाइल, सेलकम र माक्सिस मोबाइल सेवा प्रदायकको सिम कार्ड प्रयोगकर्ताका नेपालमा रहेका आफ्ना परिवारका सदस्य, आफन्त वा साथीभाइले यो आकर्षक योजनाको लाभ लिनका साथै ट्याब जित्ने मौका पाउनेछन् ।

मलेसियाबाट आउने आगमन कलमा कम्तिमा दुई मिनेट कुरा गर्ने ग्राहक यो योजनामा सहभागी हुन योग्य हुनेछन् । मलेसियाबाट आउने कलमा कुरा गर्ने ग्राहक लगायत अन्य देशहरुबाट आएको कलमा कुरा गर्ने एनसेलका ग्राहकले हरेक अन्तर्राष्ट्रिय आगमन कलमा कुरा गर्दा २० रुपैयाँसम्म बोनस पनि प्राप्त गर्नेछन् । ग्राहकहरुले १७१२६ डायलगरि सजिलै यो सेवा निःशुल्क सुचारु गर्न सक्छन् । यसरी प्राप्त बोनस तीन दिनको लागि मान्य हुनेछ । ग्राहकले उक्त बोनस एनसेलको नेटवर्कभित्र कुरा गर्न, एसएमएस पठाउन र इन्टरनेट चलाउन समेत प्रयोग गर्न सक्छन् ।

# राजस्व चुहावट नियन्त्रणमा 'टास्क फोर्स' बन्ने

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, १७ माघ

राजश्व चुहावट नियन्त्रणका लागि सरकारले टास्क फोर्स निर्माण गर्ने भएको छ । माघ १८ गते केन्द्रीय राजश्व चुहावट नियन्त्रण समितिको बैठकलाई सम्बोधन गर्ने क्रममा अर्थमन्त्री जनार्दन शर्माले सो कुरा बताएका हुन् । साथै मन्त्री शर्माले शर्माले राजस्व चुहावटलाई टुलुटुलु हेरेर बस्न नसकिने बताएका छन् ।

कार्यक्रममा बोल्दै मन्त्री शर्माले राजश्व चुहावटलाई जसरी पनि रोक्नुपर्ने बताए । राजश्व चुहावटलाई नियन्त्रण गर्न तुरुन्त कदम चाल्नुपर्नेमा उनको जोड रहेको थियो । 'राजश्व भनेको राष्ट्रको रगत पसिना हो । यो बगेर गइरहेको छ, यो हामी टुलुटुलु हेरेर बस्न सक्दैनौं । त्यसकारण त्यसको नियन्त्रणको कार्य आजको आजैबाट सुरु गर्नुपर्छ', मन्त्री शर्माले भने । यसका लागि आवश्यक बजेट तथा अन्य व्यवस्था गर्न अर्थ मन्त्रालयले कुनै कन्जुस्याइँ नगर्ने उनले धारणा व्यक्त गरेका थिए ।



मन्त्री शर्माका अनुसार राजश्व चुहावट नियन्त्रण गर्न 'अपरेशन' आवश्यक रहेको बताउँदै यसलाई गृह मन्त्रालय र प्रहरी प्रशासनले विशेष प्राथमिकतामा राख्नुपर्छ । सो अपरेशनका लागि विशेष टोली वा 'टास्क फोर्स' बनाइने पनि उनको भनाई थियो । सो कार्य सँगसँगै नीतिगत सुधारलाई पनि लिएर जानुपर्ने उनको भनाई थियो । संसदबाट नीति निर्माण गर्न असहज भइरहेका बेला मन्त्री स्तरीय तथा मन्त्रिपरिषद्बाट सम्भव भएसम्म नीतिगत परिवर्तन तथा सुधारको पहल गरिने उनले बताएका थिए ।

मन्त्री शर्माका अनुसार कतिपय राजश्व चुहावट आम मानिसमा चेतना नहुँदा पनि भइरहेको भइरहेको छ । त्यसैले सो को नियन्त्रणका लागि सचेतनामूलक सन्देश फैलाउन पनि आवश्यक छ । यसरी सन्देश फैलाएर सर्वसाधारणमा चेतना पैदा भई सम्पूर्ण निकाय, आम जनता लगायत सरोकारवाला सबै मिलेर राजश्व चुहावटविरुद्ध लागे ८० देखि ९० प्रतिशतसम्म चुहावट नियन्त्रण गर्न सकिने मन्त्री शर्माको भनाइ छ । साथै मन्त्री शर्माको विचारमा नाकामा रहेका प्रहरी, कर्मचारीलगायतलाई तालिमको व्यवस्था गर्ने, द्रूत गतिमा संरचनागत तथा प्रविधिको विकास गर्ने लगायतका कार्यले पनि राजश्व चुहावटमा कमी ल्याउन सकिन्छ । पछिल्लो समय डिजिटल प्रविधिमार्फत् राजश्व चुहावटका घटनाहरू बढेका छन् । क्रिप्टोकरेन्सी, डिजिटल क्यासिनो, डिजिटल नेटवर्किङलगायतका 'अवैध' कार्य भइरहेका छन् । यससँगै आय खर्चको गलत घोषणा गर्ने, कानुनको गलत व्याख्या गर्ने, नक्कली बीजक तथा अन्तशुल्क स्टिकरको प्रयोग गर्ने, भन्सारविन्दुको नजिकै गोदाम राखेर चोरी पैठारी गर्ने लगायतका प्रवृत्ति देखिँदै आएका छन् । त्यस्तै भन्सारबाट सुन, चाँदी, विद्युतीय सामग्री, पशु चौपाया, घरायसी मालवस्तुलगायतमा राजश्व चुहावट बढी हुने गरेको छ ।

# टेलिकमद्वारा अन्तरदेशीय अन्तरआबद्धता शुल्क समायोजन

**काठमाडौं/मस** - नेपाल टेलिकमले अन्तरदेशीय अन्तरआबद्धता शुल्क समायोजन गरेको छ । नेपाल दूरसञ्चार प्राधिकरणको माघ १६ र १८ गतेको निर्णय अनुसार समायोजन शुल्क मंगलबारदेखि कार्यान्वयनमा आएको छ ।

कुनै पनि दूरसञ्चार सेवा प्रदायकका ग्राहकले अर्को दूरसञ्चार सेवा प्रदायकको नेटवर्कमा रहेका ग्राहकलाई टेलिफोन तथा एसएमएस गर्दा लागू हुने 'अन्तरआबद्धता शुल्क' नेपाल दूरसञ्चार प्राधिकरणबाट जारी गरिएको अन्तर आबद्धता निर्देशिकाअन्तर्गत अन्तरदेशीय अन्तरआबद्धतामा उल्लेख गरिएको प्रावधानअनुसार टेलिकमले मंगलबारदेखि परिमार्जित महसुल लागू गरेको हो । नेपाल टेलिकमका ग्राहकले अर्को सेवा प्रदायकको नेटवर्कमा रहेका ग्राहकलाई भ्वाइस कल गर्दा लागू गर्नुपर्ने महसुलदर स्वीकृतिका लागि नेपाल दूरसञ्चार प्राधिकरणमा पठाएको थियो ।

नयाँ अन्तर्देशीय अन्तरआबद्धता कार्यान्वयन भएपश्चात् एउटा सेवा प्रदायकको नेटवर्कमा रहेको ग्राहकले अर्को सेवा प्रदायकको नेटवर्कमा रहेको ग्राहकलाई कल गर्दा लागू हुने महसुल दर परिमार्जन भई शुल्कमा कमी आउने टेलिमकले जनाएको छ । टेलिकमका अनुसार कम्पनीको तारवाला फोनबाट अर्को सेवा प्रदायकको मोबाइलमा कल गर्दा महसुल दर प्रतिमिनेट १ रुपैयाँ १० पैसामात्र कायम हुनेछ । यसैगरी कम्पनीको जीएसएम, सीडीएमए र सी फोन पोस्टपेडबाट अर्को सेवाप्रदायकको नेटवर्कमा कल गर्दा महसुलदर प्रतिमिनेट १ रुपैयाँ ८ पैसा तथा कम्पनीको जीएसएम, सीडीएमए र सी फोन प्रिपेड सेवाबाट अर्को सेवा प्रदायकको नेटवर्कमा कल गर्दा महसुलदर प्रतिमिनेट १ रुपैयाँ ६२ पैसा कायम हुनेछ । यसका साथै कम्पनीको जीएसएम तथा सीडीएमए सेवाको पोस्टपेड र प्रिपेडबाट अन्य सेवा प्रदायकको नेटवर्कमा सन्देश पठाउँदा लाग्ने शुल्क प्रतिसन्देश १ रुपैयाँ १० पैसा कायम हुनेछ ।

के तपाईंको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

गौरादह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौरादह, झापा
प्रदेश नं. १, नेपाल
जनहितमा जारी सन्देश



कारोना भाइरसको दोस्रो लहरलाई कसरी रोकथाम गर्ने ?

कोरोना भाइरस संक्रमित व्यक्तिले खोक्दा, हाच्छिउँ गर्दा मुख र नाकबाट निस्किएको पानीका स-साना थोपा तपाईका आँखा, नाक र मुखमा पुगेपछि फैलन्छ । बिरामीबाट निस्किएको ऱ्याल टाँसिएको ढोकाका चुकुल, कलम, भऱ्याङजस्ता वस्तु छुँदा र हात मिलाउँदा पनि भाइरस फैलन सक्छ ।

सामान्य लक्षण
रुघा लाग्नु शरीर दुख्नु
घाटी दुख्नु
सास फेर्न अप्ठेरो हुनु
शुक्खा खोकी लाग्नु
ज्वरो आउनु

रोकथामका उपायहरु
मास्कको प्रयोग गर्ने: खोकी लाग्दा डिस्पोज गर्न मिल्ने खालको टिस्यु पेपर वा मास्क प्रयोग गर्नुहोस र तत्काल डस्टबिनमा षयाँक्नुहोस । एउटै मास्क एक दिन भन्दा बढी प्रयोग नगर्नुहोस ।
व्यक्तिगत सामान नबाँड्ने: कलम, माउस र डिजिटल उपकरण जस्ता अरुका व्यक्तिगत सामान प्रयोग नगर्नुहोस् ।
आफ्नो अनुहार नछुने: आफ्नै आँखा, कान र नाक नछुनुहोस । किनभने यहीँ बाट तपाईको शरीरमा भाइरस प्रवेश गर्न सक्छ ।
सामाजिक दूरी कायम गर्ने : सम्भव भएसम्म धेरै मानिस भेला हुने सभा सम्मेलनमा नजानुहोस् । किनभने त्यस्ता ठाउँमा बिरामी छ र कसलाई संक्रमण छ भन्ने तपाईलाई थाहा हुँदैन ।
राम्ररी हात धुने : शंकास्पद दूषित सतह छोएपछि साबुन पानीले राम्ररी हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने ।
स्वास्थ्य सल्लाह लिन नहिच्किचाउने: बिरामी हुने बितिकै स्वास्थ्य सल्लाह लिनु राम्रो हुन्छ । भाइरसका लक्षण देखिए तत्काल चिकित्सकलाई देखाउनुहोस ।

आफ्नो मानसिक स्वास्थ्यलाई सबल राख्नुहोस
फुर्तिलो रहनुहोस : आफ्नो दिमाग र शरीरलाई हल्का व्यायाम, योग वा ध्यानजस्ता गतिविधिहरुमा संलग्न गराउनुहोस । आवश्यक परेमा विज्ञहरुको सहयोग लिन नहिच्किचाउनुहोस ।
फुर्तिलो रहनुहोस : कोभिड-१९ महामारीको अवस्था सबैका लागि तनावपूर्ण समय हो । च्याट वा भिडियो कलजस्ता प्रविधिको सदुपयोग गरी आफ्ना प्रियजनहरुसंग
मिथ्या र गलत समाचारबाट पन्छिनुहोस : सबैले मिथ्या र वास्तविक समाचारबीच भिन्नता बुझ्न जरुरी छ । तपाईले सामाजिक सञ्जालमा पढ्ने सबै सामग्री सत्य हुदैनन् । सकेसम्म सामाजिक सञ्जालमा बिताउने समय सीमित गर्नुहोस ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रक: रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादक: **मदनकुमार श्रेष्ठ**